
# लेखापरीक्षण प्रतिवेदन

# देउमाई नगरपालिका, इलाम

आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## देउमाई नगरपालिका, इलाम

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/299

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
देउमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
इलाम।

**कैफियतसहितको राय**

हामीले **देउमाई नगरपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ६० लाख २२ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.५ करोड ३५ लाख २८ हजार, पर्यटन पूर्वाधार विकास योजनाको रु.१० लाख ४५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.९ लाख ६० हजार, विद्यालय शिक्षा क्षेत्र योजनाको रु.३० लाख र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.४० लाख समेत गरी रु.१९ करोड ८५ लाख ५४ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.१ अर्ब ६४ करोड ८९ लाख ९९ हजार लेखापरीक्षण गरिएकोमा रू.२ करोड ४० लाख ४८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.६९ लाख ४० हजारको प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.२५ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ७० लाख ८४ हजार रहेको छ। गत वर्षसम्म रु.३ करोड ४९ लाख ३७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३ करोड ७ लाख ४२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **देउमाई नगरपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **देउमाई नगरपालिका** व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५३ | ४४ | २,४०,४८,४१४ | ० | ३२ | ६९,४०,१११ | ० | ५३ | १२ | १,७१,०८,३०४ | २४,६६२ | १,७०,८३,६४१ | ० | ० | ० | १,७०,८३,६४० | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| इलाम | ३,४९,३७,००० | 0 | २,१३,०३,६०७ | १,३६,३३,३९३ | 0 | १,७१,०८,३०४ | ३,०७,४१,६९७ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४८ | सि.टि.ई.भि.टी. शिक्षा अनुदान | ७,००,००० |
| २ | २०८०/८१ | ६८ | सामग्री हस्तान्तरण | ९,५९,६६४ |
| ३ | २०८०/८१ | ४३ | शैक्षिक क्षति परिपुरण | ४,९९,५९५ |
| ४ | २०८०/८१ | ५४ | शिक्षकको सरुवा | ९०,०५२ |
| ५ | २०८०/८१ | ५२ | शिक्षकको अवकास | २२,६२९ |
| ६ | २०८०/८१ | २३ | राजस्व दाखिला | ३,५०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | ४२ | पोशाक खर्च | ७०,००० |
| ८ | २०८०/८१ | ४५ | पाठ्यपुस्तको कम भरपाई | ६,७६० |
| ९ | २०८०/८१ | ५० | पाठ्यपुस्तकको भरपाई | २७,७५९ |
| १० | २०८०/८१ | ४४ | नमुना विद्यालय | ३०,००,००० |
| ११ | २०८०/८१ | ६५ | नभएको कामको भुक्तानी | १,२९,९५० |
| १२ | २०८०/८१ | ६० | देउमाई शहरी सडक | ४,९८,६७० |
| १३ | २०८०/८१ | ४७ | दिवा खाजा | १०,३३५ |
| १४ | २०८०/८१ | ४९ | छात्रवृत्ती | ९,६०० |
| १५ | २०८०/८१ | ३२ | छात्रवृति वितरण भरपाई | ९,००,००० |
| १६ | २०८०/८१ | ५७ | औषधी खरिद | ११,५९६ |
| १७ | २०७९/८० | ८३ | हेभी इक्विपमेण्टको प्रयोग | ७२,६७,५१० |
| १८ | २०७९/८० | ७४ | सोझै खरिद: | १९,७०,४०० |
| १९ | २०७९/८० | ७९ | सामग्री खरिद गरी साइटमा राखेको | २९,६९,८३५ |
| २० | २०७९/८० | ३७ | शिर्षक फरक पारी खर्च: | १,०७,३१० |
| २१ | २०७९/८० | ३२ | विल भरपाई | ६०,९०७ |
| २२ | २०७९/८० | ३६.१ | लघु उद्यम विकास कार्यक्रम: | १३,१३,२८० |
| २३ | २०७९/८० | ३५ | नन फाइलर:- | ५३,३८७ |
| २४ | २०७९/८० | ६१ | नगर प्रमुख छात्रवृत्ति कार्यक्रम | ९,००,००० |
| २५ | २०७९/८० | ६३ | थप कर्मचारी | १९,०६,००० |
| २६ | २०७९/८० | २९.१ | छुर्पी प्रवर्द्धन कार्यक्रम: | १९,३०,५९९ |
| २७ | २०७९/८० | ५६.१ | खाद्यान्न बालिको उन्नत विउ उपयोगमा अनुदान: | ४,१९,५६० |
| २८ | २०७९/८० | ५७ | किसान सूचिकरण कार्यक्रम: | ९५,९९९ |
| २९ | २०७९/८० | ३०.१ | अलैची पकेट विकास कार्यक्रम: | ३,९२,६१५ |
| ३० | २०७८/७९ | ५३ | पदाधिकारी अनुगमन सुविधा | ४२,५०० |
| ३१ | २०७८/७९ | ५० | कर समायोजन प्रमाण | ८४,८५४ |
| ३२ | २०७७/७८ | ६४ | बढी भुक्तानी | २,८५,८८९ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | २०७७/७८ | ७२ | पूर्वनिर्धारित क्षतिपूर्ति | २८,१८२ |
| ३४ | २०७९/८० | २६ | भुक्तानी बाँकीको कच्चावारी वेगर भुक्तानी | १४,४६,२५८ |
| ३५ | २०७६/७७ | १६ | बढी भुक्तानी | २८,५२२ |
| जम्मा | | | | २,८२,४३,७१८ |

# (८०१०३४०२३०० - देउमाई नगरपालिका, इलाम )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्धेश्यले देउमाई नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । देउमाई नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, १९१.६३ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१,६९६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।११ देखि २०८१।८।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१,६४,८९,९८,७५८।७६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आर्थिक वर्ष २०८०।८१ को एकिकृत आर्थिक विवरण

| आय तर्फ | | | | व्यय तथा मौज्दात तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | | रकम | सि.नं. | विवरण | | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ९५९२२३२४.९६ | १ | चालु खर्च | | ४११२८८७९३.२६ |
| | क) सञ्चित कोष | ७१९४४६७०.४१ | | | आन्तरिक श्रोत | ५६५४५१६३.१५ | |
| | ख) धरौटी | २०४७२३५०.८९ | | | राजश्व वाँडफाँड | ७५१९६१६६.५७ | |
| | ग) विविध कोष(विविधमा गाभिएका कोषहरुको श्रावणको ) | ११६२८६३.०० | | | विशेष अनुदान | ०.०० | |
| | घ) आकष्मिक कोष | ०.०० | | | समानिकरण अनुदान | ११५७९६०३.२७ | |
| | ङ) प्रकोप व्यवस्थापन कोष | २५०८०७.०० | | | सशर्त अनुदान | २६७९६७८६०.२७ | |
| | च) नगर शिक्षा कोष | ०.०० | | | अन्य अनुदान | ०.०० | |
| | छ) मजदुर कल्याण कोष | ०.०० | | | इसिसि खर्च बैंक बाट काटिएको | ०.०० | |
| | ज) विविध खर्च खाता | २०९१६३३.६६ | | | चालुको चेकबाट साटिएको वित्तियको खर्च | ०.०० | |
| २ | राजश्व (आन्तरिक आय) | | १५१६७७४१३.५५ | २ | पुँजीगत खर्च | | १८१६१५७००.९७ |
| | क) कर राजश्व | ९८१७३२४.५८ | | | आन्तरिक श्रोत | २५८१४०३६.२८ | |
| | ख) गैरकर राजश्व | ४१८१८३८८.५९ | | | राजश्व वाँडफाँड | १२४६९०८८.११ | |
| | ग) राजश्व बाँडफाँड अन्त शुल्क तथा मु अ कर | ८७३३२०९०.७१ | | | विशेष अनुदान | ७३९७२३६.०६ | |
| | घ) राजश्व बाँडफाँड सवारी साधन कर | ६३६२१३८.६१ | | | सम्पुरक अनुदान | १९२९०६८४.७४ | |
| | ङ) राजश्व बाँडफाँड घरजग्गा रजिष्ट्रेशन कर | ५३६०४४५.४० | | | समानिकरण अनुदान | ८२४५८३०९.६८ | |
| | च) राजश्व बाँडफाँड वन | १७५८०.०२ | | | सशर्त अनुदान | ३४१८६३४६.१० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रोयल्टी | | | | | | |
| | छ) राजश्व बाँडफाँड विद्युत सम्बन्धी रोयल्टी | ९६९४४५.६४ | | | पुँजीगतको चेकबाट साटिएको वित्तियको खर्च | ०.०० | |
| | च) दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त आय | ०.०० | | | चालु आ.व. को खर्च लेखि गत आ.व. को पेफ गरिएको | ०.०० | |
| | छ) नगद(लागत सहभागिता) | ०.०० | | | इसिसि खर्च बैंक बाट काटिएको | ०.०० | |
| ३ | वित्तीय हस्तान्तरण (संघीय सरकार) | | ४०८७८१८९१.७३ | ३ | वित्तीय व्यवस्था | | ०.०० |
| | क) समानिकरण अनुदान | १०७५०८०००.०० | | | ऋण भुक्तानी | ०.०० | |
| | ख) सशर्त अनुदान | २८६८०८०६६.६४ | | | व्याज भुक्तानी | ०.०० | |
| | ग) विशेष अनुदान | ७३९७२३६.०६ | | | अन्य भुक्तानी | ०.०० | |
| | घ) समपुरक अनुदान | ७०६८५८९.०३ | | | | | |
| ४ | वित्तीय हस्तान्तरण (प्रदेश सरकार) | | ३४८०३२३५.४४ | ४ | लगानी | | ०.०० |
| | क) समानिकरण अनुदान | ७२३५०००.०० | | | ऋण लगानी | ०.०० | |
| | ख) सशर्त अनुदान | १५३४६१३९.७३ | | | शेयर लगानी | ०.०० | |
| | ग) विशेष अनुदान | ०.०० | | ५ | विभिन्न कोषको खर्च | | २२११३७८९.६१ |
| | घ) समपुरक अनुदान | १२२२२०९५.७१ | | | क) विविध कोष | १८८८५००.०० | |
| | ङ) अन्य अनुदान | ०.०० | | | ख) आकष्मिक कोष | ०.०० | |
| | | | | | ग) प्रकोप व्यवस्थापन कोष | ७६३९९२.०० | |
| | | | | | घ) विविध खर्च खाता | १९४६१२९७.६१ | |
| | | | | | ङ) मजदुर कल्याण कोष | ०.०० | |
| ५ | वित्तीय | | ०.०० | ६ | धरौटी फिर्ता/ | | ३८१३८५४.०४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | हस्तान्तरण (अन्तर स्थानीय तह) | | | | सदरस्याहा | | |
| | अन्तर स्थानीय तह | ०.०० | | | फिर्ता | ३८१३८५४.०४ | |
| ६ | अन्तर सरकारी अख्तियारी | | १९८५५४१२४.२८ | | सदरस्याहा | ०.०० | |
| | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम ३६५०११११४ | ४००००००.०० | | ७ | अन्तर सरकारी अख्तियारी | | १९८५५४१२४.२८ |
| | सामाजिक सुरक्षा तथा संरक्षण ३१४०१०१२३ | १३६०२१५३३.०० | | | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम ३६५०११११४ | ४००००००.०० | |
| | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम ३७०००११६४ | ५३५२८०००.०० | | | सामाजिक सुरक्षा तथा संरक्षण ३१४०१०१२३ | १३६०२१५३३.०० | |
| | विद्यालय शिक्षा क्षेत्र योजना - ( केन्द्र स्तर ) ३५००११०१३ | ३००००००.०० | | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम ३७०००११६४ | ५३५२८०००.०० | |
| | पर्यटन पूर्वाधार विकास आयोजना ३२५०११०६४ | १०४४५९१.२८ | | | विद्यालय शिक्षा क्षेत्र योजना - ( केन्द्र स्तर ) ३५००११०१३ | ३००००००.०० | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम ३७०००११४४ | ९६००००.०० | | | पर्यटन पूर्वाधार विकास आयोजना ३२५०११०६४ | १०४४५९१.२८ | |
| ७ | अन्य आय | | ०.०० | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम ३७०००११४४ | ९६००००.०० | |
| | पुँजिगत खर्च खातामा गत आ.व. को पेफ बापत | ०.०० | | ८ | मौज्दात | | ११०१४८५५९.४० |
| | आयोजना व्यवस्थापन खाताबाट फिर्ता | ०.०० | | | क) सञ्चित कोष | ७४३०२७१६.९० | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | विभिन्न कोष तर्फको आय | | ३७७९५८३१.६० | | ख) धरौटी | २६७४३०२५.४७ | |
| | क)धरौटी | १००८४५२८.६२ | | | - पुँजिगत बाट धरौटी खातामा जम्मा हुनुपर्ने | ०.०० | |
| | ख) विविध कोष | १८८८५००.०० | | | ग) विविध कोष | ११६२८६३.०० | |
| | ग) आकष्मिक कोष | ०.०० | | | घ) आकष्मिक कोष | ०.०० | |
| | घ) प्रकोप व्यवस्थापन कोष | १५४००००.०० | | | -धरौटी बाट प्राप्ति बाँकी | ०.०० | |
| | ङ) विविध खर्च खाता | २४२८२८०२.९८ | | | ङ) नगद मौज्दात | ०.०० | |
| | च) मजदुर कल्याण कोष | ०.०० | | | च) प्रकोप व्यवस्थापन कोष | १०२६८१५.०० | |
| ९ | दायित्व | | ०.०० | | छ) विविध खर्च खाता | ६९१३१३९.०३ | |
| | पुँजिगत खर्च खाताको दायित्व | ०.०० | | | ज) मजदुर कल्याण कोष | ०.०० | |
| | चालु खर्च खाताको दायित्व | ०.०० | | | झ) फिर्ता गर्न बाँकी अनुदान | ०.०० | |
| | धरौटी खाता दायित्व | ०.०० | | | गत वर्षको | ०.०० | |
| जम्मा | | | ९२७५३४८२१.५६ | जम्मा | | | ९२७५३४८२१.५६ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरे तापनि सो वमोजिमको प्रगति प्रतिवेदन पेश भएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापन तर्फ**

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको भए तापनि सो वमोजिम योजनाहरु छनौट तथा सञ्चालन हुने नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकिकृत दिर्घकालिन योजना तयार

नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । पालिकाको फोहर मैला व्यवस्थान स्थल रहेतापनि व्यवस्थित गर्न नसकेको,

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र लिने गरेको,

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको पूर्ण रुपमा कार्यान्वियन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७

बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

अतः बजेट, आम्दानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ४ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १८१६१६ | १३९०७ | २६४२८ | २७२६७ | ११४०१४ | ७३५८२ |
| प्रतिशत | १०० | ७.६६ | १४.५५ | १५.०१ | ६२.८५ | ४०.५२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१८ करोड १६ लाख १६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ३९ लाख ७ हजार (७.६६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ६४ लाख २८ हजार (१४.५५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड ७२ लाख ६७ हजार (१५.०१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.११ करोड ४० लाख १४ हजार (६२.८५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड ३५ लाख ८२ हजार (४०.५२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनु पर्दछ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ५ लक्ष्य प्रगति

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २२७ | ३६ | १२ | १५ | ७ |

प्राप्त विवरण अनुसार पालिकाको आर्थिक वर्ष २०८०।८१ को जम्मा २५२ पूँजीगत तर्फको कार्यक्रम मध्ये ३६ मा शुन्य, १२ मा २५ प्रतिशत भन्दा कम, १५ मा ५० प्रतिशत भन्दा कम र ७ कार्यक्रममा ७५ प्रतिशत भन्दा कम प्रगति भएको देखिन्छ ।वार्षिक कार्यक्रम वमोजिम प्रगति हाँसिल गर्ने तर्फ कार्यालयले पहल गर्नु पर्दछ ।

## ६ क्षेत्रगत वजेट र खर्चको स्थिती

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र. सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६५८९६ | ५५७०९ | ९.३९ |
| २ | सामाजिक विकास | ३८९२५७ | ३३९९६३ | ५७.३५ |
| ३ | पूर्वाधार विकास | १३५७४६ | ९२८२० | १५.६५ |
| ४ | सुशासन तथा अन्तर्सम्वन्धित क्षेत्र | ५५९८ | ४०६१ | ०.६८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२३१७५ | १००३५१ | १६.९३ |
| | जम्माः | ७१९६७२ | ५९२९०४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५७.३५ प्रतिशत र सुशासन तथा अन्तर्सम्वन्धित क्षेत्रमा सबै भन्दा घटी ०.६८ प्रतिशत रहेको छ ।

## ७ वजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।७ मा रु.७२ करोड १२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

## ८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार २२७ योजनामा रु.१७ करोड ९० लाख ३ हजार वजेट विनियोजन गरेको छ।

| रु. ५ लाख सम्म | | रु. ५ लाख देखि २० लाख सम्म | | रु. २० लाख भन्दा बढीको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १३३ | १७५८६ | ७३ | ६२५१७ | २१ | ९८९०० | २२७ | १७९००३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १९१ योजनामात्र कार्यान्वयन भई ३६ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ९ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.५ करोड १५ लाख ८१ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.५४ करोड ३६ लाख २७ हजार समेत रु.५९ करोड ५२ लाख ८ हजार आम्दानी भएकोमा चालु तर्फ रु.४१ करोड १२ लाख ८९ हजार र पूँजिगत तर्फ रु.१८ करोड १६ लाख १६ हजार समेत रु.५९ करोड २९ लाख ४ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.६९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१ करोड ४ लाख ९७ हजार खर्च भएको छ जुन आन्तरिक आयको

२०.३५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.३७ प्रतिशत चालु र ३०.६३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १० सेवा प्रवाह

कार्यालयको मुख्य उद्धेश्य हाँसिल गर्न सेवाग्राहीलाई सरल सहज र समयमै प्रभावकारी सेवा उपलव्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, सामाजिक, पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ देहाय वमोजिमको सेवा प्रवाह गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझ सरल, सहज, मितव्ययी, गुणस्तरिय र प्रभावकारी वनाउने तर्फ ध्यान दिनु पर्दछ ।

| सि. नं . | सेवाको विवरण | निवेदन | सम्पन्न |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ९६० | ९६० |
| २ | घरबाटो सिफारिस | ३३९ | ३३९ |
| ३ | नाता प्रमाणित | ४१७ | ४१७ |
| ४ | जन्म, मृत्यू दर्ता | ६०२ | ६०२ |
| ५ | घर नक्सा पास | ४ | ४ |
| ६ | अन्य | ३१२६ | ३१२६ |

## ११ स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १२ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८ करोड १६ लाख १६ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १३ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था अनुरुप पालिकाले आवधिक विकास योजना २०७९।८०-२०८३।८४ तयार गरेको छ । पालिकाले स्थानीय तहको समग्र विकासका लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा सालवसाली विषयहरुलाई भन्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई समावेश गरी तयार गर्नुपर्ने देखिन्छ ।

## १४ कानून निर्माण तथा सञ्चालन स्थिती

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ ऐन, ३ नियमावली, ४१ कार्यविधि, ३ निर्देशिका लगायत ६० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले सवै कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको जानकारी दिएको छ। तसर्थ पालिकाबाट निर्माण गरिने सवै कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

### १५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नदेखिएकोमा यो वर्ष दर्ता भएको १५ विवादमा ६ वटा मात्र फर्स्यौट भई ९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

### १६ नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था

स्थानीय सरकारको सर्वोच्च अङ्गको रुपमा रहेको सभाबाट पारित भएका बार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वयन हुनुपर्दछ । यस पालिकाको गाउँसभाबाट आ.व.२०८०।८१ का लागि पारित भएका विभिन्न नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था अध्ययन तथा परीक्षण गर्दा अधिकांश नीति तथा कार्यक्रम कार्यन्वयनमा आएतापनि केहि नीति तथा कार्यक्रम आंशिक रुपमा र कतिपय नीति तथा कार्यक्रम कार्यान्वयनमानै आएको देखिएन। कार्यन्वयनमा नआएका नीति तथा कार्यक्रमका केहि उदाहरणहरु देहाय बमोजिम छन् :

• देउमाई नगरपालिकामा निर्माणाधिन १५ शैयाको नगर अस्पताललई समयमानै सम्मन्न गरी विशेषज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्न आवस्यक नीति लिइनेछ भनिएकोमा अस्पताल निर्माण कार्यनै सम्पन्न नभएकोले उक्त नीति तथा कार्यक्रम कार्यान्वयन नभएको,

• सुरक्षित मातृत्वका लागि वडा स्तरमै गर्भवती महिलाहरुको निशुल्क भिडियो एक्सरे सेवा विस्तार गर्दै लग्ने नीति लिइने छ भनिएकोमा कार्यान्वयन नभएको,

• देउमाई नगरपालिकाको दिर्घकालिन विकासका लागि राष्ट्रिय आवधिक योजनासँग तादम्यता कायम हुनेगरी मध्यकालिन खर्च कार्ययोजना तयार गरी लागु गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको,

• देउमाई नगरपालिका भित्र रहेका अति विपन्न परिवारको पहिचान र विश्लेषण गरी परिचय पत्र वितरणका माध्यामबाट सरकारी तथा गैर सरकारी निकायहरुबाट प्रदान गरिने सेवा सुविधालाई एकिकृत रुपमा प्रदान गर्न आवश्यक नीति लिइनेछ भनिएकोमा कार्यान्वयन नभएको,

• नगरपालिकाका विभिन्न सडक तथा संरचनाको निर्माणको लागि वातावरण प्रभाव मूल्याङ्कन तथा विस्तृत आयोजना अध्ययन प्रतिवेदन तयार गरी नगर आयोजना बैंकको स्थापना गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको,

• नगर पर्यटन गुरुयोजना अनुरुप निर्देर्शिका बनाई पर्यटकिय गन्तव्यहरुको संरचनागत विकास कार्यलाई निरन्तरता दिइनेछ भनिएकोमा यस्तो निर्देर्शिका नबनाइएको,

• देउमाई नगरपालिको आन्तरिक राजस्व वृद्धिका लागि सार्वजनिक तथा सामुदायिक वनका उत्पादन,नदिजन्य उत्पादन र कानूनले वर्जित गरेका बाहेक वन क्षेत्रका वन्यजन्तु एवम् जडिबुटीको कारोबारलाई करको दायरामा ल्याइनेछ भनिएकोमा पालिका अन्तर्गतका २५ सामुदायिक वन मध्ये यसवर्ष एउटा समामुदयिक वनले मात्र केहि रोयल्टी बुझाएको बाहेक अन्य राजस्व प्राप्त भएको नदेखिएकोले उक्त नीति कार्यान्वयन नभएको,

## १७ जिन्सी व्यावस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । तर कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम समिति गठन गरी जिन्सी निरीक्षण गरेको देखएन । जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश नभएकोले पालिकाको जिन्सी मालसामान बारे थप विश्लेषण गर्न सकिएन । तसर्थ पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन लिई सो प्रतिवेदनका आधारमा सोहि नियमको अन्य उपनियममा भएको व्यवस्था अनुसार जिन्सी मालसामानको व्यवस्थापन गर्नुपर्दछ ।

## १८ त्रिपाल खरिद

पलिकाले प्रकोप व्यवस्थापन कोषतर्फ विपद व्यवस्थापनका लागि उद्धार, राहत, पुनर्स्थापना तथा आकस्मिक निर्माण कार्यक्रम अन्तर्गत भौ नं ५ मिति २०८१।३।४ बाट त्रिपाल २०० थान र त्रिपाल टनेल ५ थान खरिद बापत गौरब फर्निसिङ्ग सेन्टर इलामलाई रु. ७,४३,९९२।०० भुक्तानी गरेको छ । यसरी खरिद गरेका त्रिपालहरु मध्ये हाल लेखापरीक्षण अवधी सम्म २४ थान त्रिपाल मात्र विभिन्न पिडितलाई वितरण गरेको र १७६ थान त्रिपाल तथा ५ थान प्लास्टिक टनेल (त्रिपाल टनेल) स्टोरमा मौज्दात रहेको देखियो । यसरी बाँकी रहेका समानको उचित भण्डारण तथा वितरण गर्नुपर्ने देखिन्छ । यस्ता सामान लामो समयसम्म भण्डारण गर्दा गुणस्तरमा ह्रास आई नासिने हुँदा आवस्यक परिमाणमा मात्र खरिद गर्नुपर्दछ ।

## १९ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले यसवर्ष विभिन्न कार्यक्रमको रु. ४ करोड ४ लाख ४५ हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेट रु.७२ करोड ११ लाख ८९ हजारको तुलनामा ५.६१ प्रतिशत हुन आउँछ । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गरी खर्चगर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

## २० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५०८८२३ | ५१५८१ | १०.१४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.१४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २१ आन्तरिक राजस्व प्रक्षेपण तथा असूली

स्थानीय सरकार सञ्चलन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ती कर र घरजग्गा कर, भूमिकर(मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यबस्था छ भने दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितीले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको प्रक्षेपण गर्नसक्ने व्यवस्था छ । पालिकाको आ. ब . २०७९।८० र २०८०।८१ को आन्तरिक राजस्वको प्रक्षेपण तथा असुली अवस्था देहाय बमोजिम रहेको छ ।

| आन्तरिक आय प्रक्षेपण र असुली विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | प्राप्तिको श्रोत | आ.व. ०७९/८० | | आ.व. ०८०/८१ | |
| | | वार्षिक अनुमानित आय | आम्दानी | वार्षिक अनुमानित आय | आम्दानी |
| १ | ११13१ - सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ० | ३८७०६५. | ० | ० |
| २ | ११३१३ - सम्पती कर | ४१२६०००. | ८२५७०५५.५१ | १४१७६०००. | ८६०७९०२. |
| ३ | ११३१४ - भुमिकर/मालपोत | ४७५०००. | ६७०८६.०२ | १२१०००. | ८६४३५. |
| ४ | ११३१७ - वहाल कर | १२९५०००. | १२०९८१६.२१ | १३५३०००. | १९५०८९१.३९ |
| ५ | ११३१८ - वहाल विटौरी कर | १२५०००. | १५२२०६. | ३०८०००. | ३१३००.२६ |
| ६ | ११४७९ - अन्य मनोरञ्जन कर | ० | ० | ० | ५४०००. |
| ७ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ४४००००. | २४२७२५. | ४८३०००. | ३२४५०. |
| ८ | ११६२१ - व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | ० | ० | ५५२.३१ |
| ९ | ११६९१ - अन्य कर | ८२६०००. | ११६७७८८. | ११८५०००. | १३४७५६. |
| १० | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४५०००. | ८१३८०. | १३६०००. | २४७३७५८.५१ |
| ११ | १४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | २००००. | ० | १२०००. | ० |
| १२ | १४२१६ - निजी धारा वापतको शुल्क | ४५०००. | १५८५००. | ५४०००. | ४८७१०५. |
| १३ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ६५९७००. | १९५५३०. | २५५०००. | ७९७४००. |
| १४ | १४२२१ - न्यायिक दस्तूर | ४५०००. | १६६००. | ३३०००. | ४१८००. |
| १५ | १४२२४ - परीक्षा शुल्क | २१८०००. | २३७००. | ४९०००. | १२००. |
| १६ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | १५५६००. | १४२८१५. | २७००००. | १००००. |
| १७ | १४२४१ - पार्किङ्ग शुल्क | ६५०००. | ० | २०००. | ० |
| १८ | १४२४२ - नक्सापास दस्तुर | ५९२०००. | ६२८३५९.५२ | ६२६०००. | ७७७१२५.७ |
| १९ | १४२४३ - सिफारिश दस्तुर | ८३८४०००. | ५६९५००४. | १०७९७०००. | ५६४३०९१. |
| २० | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ४२४०००. | २१७४००. | ४१८०००. | ११४५५०. |
| २१ | १४२४५ - नाता प्रमाणित दस्तुर | ८४५००. | ३५००. | ७०००. | ० |
| २२ | १४२४९ - अन्य दस्तुर | १२३६०००. | ६५१३९. | १३१०००. | १०८६८५२. |
| २३ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | १६४०००. | १२६२००. | २६१०००. | ० |
| २४ | १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ५०००. | १५०००. | ३१०००. | ० |
| २५ | १४२६५ - अन्य क्षेत्रको आय | ६०००. | १५०००. | ३१०००. | ३४३३२६६. |
| २६ | १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | ६६००. | ० | २०००. | ० |
| २७ | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | २९००००. | ० | २०००. | ९४५००. |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | १४३१३ - धरौटी सदरस्याहा | ५८६००. | ० | ४०००. | ० |
| २९ | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | ४०००. | ० | २०००. | ० |
| ३० | १४५२९ - अन्य राजस्व | ६०५५३०००. | १६९९१८४५.३६ | २०९८६०००. | २३६८५८७८. |
| ३१ | १४६११ - व्यवसाय कर | १२१७०००. | १४९४९७५. | २४५९०००. | २०६७२००. |
| ३२ | १५१११ - बेरूजू | २८५२०००. | ३५५३८. | ७४०००. | २३७००. |
| जम्मा | | ८४४१७०००. | ३७३९०२२७.६२ | ५४२६८०००. | ५१६३५७१३.१७ |

उपर्युक्त तालिका अनुसार पालिकाले आ.ब. २०७९।८० मा कुल आन्तरिक आय रु. ८ करोड ४४ लाख १७ हजार अनुमान गरेकोमा रु. ३ करोड ७३ लाख ९० हजार अर्थात लक्ष्यको तुलनामा ४४.२९ प्रतिशत मात्र असुली गरेको देखिन्छ भने आ.ब. २०८०।८१ मा रु. ५ करोड ४२ लाख ६८ हजार अनुमान गरेकोमा रु. ५ करोड १६ लाख ३६ हजार अर्थात लक्ष्यको तुलनामा ९५.१५ प्रतिशत असुली गरेको देखिन्छ । शीर्षकगत रुपमा हेर्दा आ.ब. २०८०।८१ मा सम्पत्ती कर रु.१ करोड ४१ लाख ७६ हजार अनुमान गरेकोमा रु. ८६ लाख ८ हजार (६० प्रतिशत), सिफारिस दस्तुर रु. १ करोड ७ लाख ९७ हजार अनुमान गरेकोमा रु. ५६ लाख ४३ हजार (५२.२६ प्रतिशत), व्यवसाय कर २४ लाख ५९ हजार अनुमान गरेकोमा रु. २० लाख ६७ हजार (८४ प्रतिशत) असुली भएको देखिन्छ भने बहाल कर रु. १३ लाख ५३ हजार अनुमान गरेकोमा रु. १९ लाख ५१ हजार (११४.२० प्रतिशत), सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय रु. १ लाख ३६ हजार अनुमान गरेकोमा रु. २४ लाख ७४ हजार (१८१९.१२ प्रतिशत), अन्य क्षेत्रको आय रु. ३१ हजार अनुमान गरेकोमा रु. ३४ लाख ३३ हजार (११०७४.१९ प्रतिशत) एवं अन्य राजस्व रु. २ करोड ९ लाख ८६ हजार अनुमान गरेकोमा रु. २ करोड ३६ लाख ८६ हजार (११२.८६ प्रतिशत) असुली भएको देखिएकोले पालिकाको आन्तरिक आय अनुमान र असुली यथार्थपरक देखिएन । तसर्थ पालिकाले आन्तरिक आय अनुमान गर्दा प्राप्त हुनसक्ने राजस्वका स्रोतहरुको विस्तृत अध्ययन गरी यथार्थपरक रुपमा गर्नुपर्ने एवं राजस्वको दायरा बढाई आन्तरिक आयवृद्धि गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिन्छ ।

२२ **राजस्व सुधार कार्ययोजना**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका तथा नगरपालिकको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ तयार गरेको छ। प्रत्येक पालिकाले उक्त दिग्दर्शनलाई आधार लिई पालिकाको आन्तरिक राजस्व सुधार गरी आन्तरिक आय बृद्धिका लागि राजस्व सुधार कार्ययोजना बनाई लागु गर्नुपर्ने व्यवस्था अनुसार राजस्व सुधार कार्ययोजना, २०८१ निर्माण भएको छ। स्थानीय तहको राजस्व सुधारका लागि पालिकाले उक्त राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन गर्नुपर्दछ ।

२३ **राजस्व दाखिला**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२४ **आन्तरिक आय ठेक्का**

२४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ११ मा भएको व्यबस्था अनुसार पालिकाले आर्थिक वर्ष २०८०।८१ का लागि हाट बाजार पसल कर, सवारी कर तथा सेवा शुल्क असुली ठेक्काको लागि २०८०।२।२३ मा न्यूनतम अङ्क भ्याट समेत रु.२८,००,१११।०० कायम गरी ३० दिने बोलपत्रको सूचना जारी गरेकोमा तोकिएको अबधिमा ४ वटा बोलपत्र पेश भई सबै भन्दा बढी कबोल गर्ने ल्हासो कन्सट्रक्सन प्रा. लि.सँग २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मका लागि मिति २०८०।४ १७ मा भ्याट समेत रु. ३७,३१,६००।०० को सम्झौता भएको देखियो । सो ठेक्काका सम्बन्धमा देखिएका थप व्यहोरा देहाय बमोजिम छन् ।

२४.२ बोलपत्र आव्हानको सूचनाको बुँदा नम्बर ३ मा न्युनतम अङ्क भ्याट समेत रु. २८,००,१११।०० भनि उल्लेख गरेको छ । उक्त रकम के आधारमा तय भएको हो सोको पुष्ट्याँई गर्ने प्रमाण पेश भएन । त्यसैगरी सूचना प्रकाशन गर्दा सामान्यतया न्यूनतम अङ्क मुल्य अभिवृद्धि कर बाहेकको राखी त्यसमा थप १३ प्रतिशतले मुल्य अभिवृद्धि कर लाग्नेछ भनि उल्लेख गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।

२४.३ पालिकाले जारी गरेको बोलपत्र फाराममा कबोल गरेको अङ्क रुपैयाँमा उल्लेख गर्ने स्थानमा उक्त अङ्क भ्याट बाहेक भनि उल्लेख गरी जारी गर्नुपर्नेमा गरेको देखिएन । जसले गर्दा सबै भन्दा बढी कबोल गरी बोलपत्र पेश गर्ने ल्हासो कन्सट्रक्सन प्रा. लि.ले कबोल गरेको अङ्क रु.३७,३१,६००।०० भ्याट समेत हो या बाहेकको हो नखुलाई पेश गरेको छ ।त्यसैगरी अन्य घटी कबोल कर्ताले समेत सोहि अनुसार भ्याट समेत हो या बाहेकको हो नखुलाई पेश गरेका छन् । पालिकाले ठेक्का सम्झौता गर्दा उक्त कबोल अङ्कलाई भ्याट समेतको अङ्क मानी ठेक्का सम्झौता गरेको छ । उक्त कबोल अङ्कलाई भ्याट बाहेकको अङ्क मानी सम्झौता नगरेको कारण नेपाल सरकारलाई प्राप्त हुने रु. ४,८५,१०८।०० राजस्व गुम्न गएको देखियो । पालिकाले यस किसिमको बोलपत्र सूचना जारी गर्दा द्धुविधा नहुने गरी स्पष्ट रुपमा गर्नुपर्दछ ।

## २५ **ढुङ्गा, गिट्टी, बालुवा ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको व्यबस्था अनुसार पालिकाले आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत IEE प्रतिवेदनमा निर्धारण भए बमोजिम पालिका अन्तर्गतका देहाय बमोजिमका ५ स्थानबाट ९८१४७७.२४ घन फिट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा) उत्खनन् गरी बिक्री गर्नेगरी E-BID मार्फत प्रथम पटक २०८०।५।७ मा १५ दिने बोलपत्र आव्हानको सुचना जारी गरेकोमा कुनैपनि बोलपत्र नपरेकोले पुन: सोहि माध्यामबाट सोहि परिमाणका लागि २०८०।६।१ मा दोस्रो पटक सुचना जारी गरेको देखिन्छ । यसरी दोस्रो पटक सुचना जारी गर्दा समेत कुनैपनि बोलपत्र पेश नभएको पालिकाले जनाएको छ ।

| क्र. स. | बोलपत्र नम्बर | विवरण | उत्खनन् परिमाण ( घ . फि .) | न्युनतम रकम ( मु . अ . कर बहेक ) |
|---|---|---|---|---|
| १ | १।राजस्व। ०८०।८१ | देउमाई खोललबाट ढुङ्गा , ग्राभेल , बालुवा उत्खनन् तथा सङ्कलन ( वडा नं . २ ) | ११७६४.४६ | ६९११६.२ |
| २ | २।राजस्व। ०८०।८१ | पुवा खोललबाट ढुङ्गा , ग्राभेल , बालुवा उत्खनन् तथा सङ्कलन ( वडा नं . ६ ) | ८५०८४.८८ | ४५७३३१.२ |
| ३ | ३।राजस्व। ०८०।८१ | देउमाई खोललबाट ढुङ्गा , ग्राभेल , बालुवा उत्खनन् तथा सङ्कलन ( वडा नं . ५ ) ब्लक - २ | २२१७७६.३ | १३०२९३६ |
| ४ | ४।राजस्व। ०८०।८१ | माई खोललबाट ढुङ्गा , ग्राभेल , बालुवा उत्खनन् तथा सङ्कलन ( वडा नं . ७ ) | ३६७१९९.४ | १७६५५८४ |
| ५ | ५।राजस्व। ०८०।८१ | देउमाई खोललबाट ढुङ्गा , ग्राभेल , बालुवा उत्खनन् तथा सङ्कलन ( वडा नं . ५ ) ब्लक - १ | २९५६५२.२ | १७०००० |
| | जम्मा | | ९८१४७७.२४ | |

उपर्युक्त बोलपत्रका सम्बन्धमा देखिएका थप व्यहोरा देहाय बमोजिम छन् ।

१. प्रथम पटकको सुचनामा कुनैपनि बोलपत्र पेश नभएपछि दोस्रो पटक सुचना जारी गर्दा समेत परिमाण नघटाई सोहि परिमाणमा सुचना जारी गरेकोले कुनैपनि बोलपत्र पेश नभएको देखिन्छ । पालिका क्षेत्रभित्र निर्माण हुने योजनाहरुलाई समेत मध्य नजर गरी ठेक्का लाग्न सक्ने उपयुक्त परिमाणको बोलपत्र आब्हान गर्नुपर्ने देखिन्छ ।

२. बोलपत्रको सुचनामा ढुङ्गा तथा ग्राभेलको परिमाण र बालुवाको परिमाण छुट्टा छुट्टै नखुलाई एकमुष्ट राखेको छ । जसले गर्दा कति परिमाणको ढुङ्गा तथा ग्राभेल र कति परिमाणको बालुवा उत्खनन् तथा सङ्कलन गर्न सकिने हो स्पष्ट नभएको देखिन्छ । जसले गर्दा प्रदेश

आर्थिक ऐन, २०८० ले तोके बमोजिमको दरले न्युनतम रकम पुगे नपुगेको स्पष्ट गरेको छैन । बोलपत्रको सुचना प्रकासन गर्दा उत्खनन् तथा सङ्कलन गरिने वस्तु र परिमाण स्पष्ट रुपमा खुलाएर गर्नुपर्दछ ।

३. यसरी ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा ठेक्का नलागेको अवधिमा अमानतबाट समेत उत्खनन् तथा निकासी नगरेको कार्यालयले जनाएको छ।

२६ **हेभि मेशिनको भाडा**

पालिकले देउमाई नगरपालिकाको हेभिमेशिन सञ्चालन सम्बन्धी कार्यविधि, २०८० तर्जुमा गरी आफ्ना व्याकहो लोडर, रोलर, ट्रिपर एवं ट्रयाक्टर भाडामा समेत लगाउने गरेको छ । यस वर्ष यस्ता मेशिनहरुको भाडाबाट पालिकाले रु. २४,७३,७५८।५१ आम्दानी गरेको विवरण पेश भएको छ । यसरी भाडामा लगाइएका मेशिनहरुको लगबुक परीक्षण गर्दा उक्त लगबुकमा कुन व्यक्तिले कति घण्टाको लागि भाडामा लगेको हो स्पष्ट हुनेगरी अभिलेख राखेको छैन । त्यसैगरी यसरी भाडामा लगाइएको मेशिन इन्धन सहितको हो या बाहेकको हो सो समेत खुलाउने गरेको पाइएन । जसले गर्दा भाडा वापत कुनै व्यक्तिले बुझाएको रकम लगबुकसँग भिडान गर्न नसकिएकोले पालिकाले आम्दानी देखाएको रकम एकिन गर्न सकिएन । पालिकाले यस्ता मेशिनरी भाडामा लगाउँदा भाडामा लिने व्यक्तिको नाम, मिति र अबधी तथा बुझाएको भाडा बापतको रकम भिडान हुनेगरी लगबुक लगायतका अभिलेख व्यबस्थित गरी पारदर्शी ढङ्गले सञ्चालन गर्नुपर्दछ ।

२७ **सामुदायिक वनबाट आय**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाको क्षेत्रभित्र रहेका २५ वटा सामुदायिक वन मध्ये यस वर्ष एक सामुदयिक वनले मात्र पालिकामा वन पैदावार विक्रि वापत रु.६६ हजार बुझाएको छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन । अतः पालिकाले ऐनमा भएको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

२८ **परामर्श तथा डि.पि.आर.खर्च**

२८.१ पालिकाले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस पालिकाले यसवर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम।लागत अनुमान ( रु .) | खर्च रकम( रु .) | अध्यायनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| देउमाई खोला पुल डी. पी . आर . | बि. एम . एस . नेपाल प्रा . लि . काठमाण्डौ | १४६७१४१ | १४५७७०० | ४ करोड १० लाख |
| जटेश्वर धार्मिक क्षेत्रको मास्टर प्लान तयार | बि. एण्ण जे . डेभलपर्स प्रा . लि . | १९५९६६९ | १४९१६०० | २ करोड ३० लाख |
| चिल्ड्रेन पार्क तथा जिम हाउस निर्माण | थ्रेसहोल्ड इन्जिनियरिङ्ग सोलुसन प्रा. लि . | १३८८८६१ | १३२०००० | ३ करोड ५० लाख |
| प्रशासकीय भवनको इन्टेरियर डिजाइन प्रतिवेदन | आकार डिजाइनर्स एण्ड डेभलपर्स प्रा. लि . | १८२४०१८ | १७८९९२० | ३ करोड ५८ लाख |

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

२८.२ उपर्युक्त प्रतिवेदन मध्ये जटेश्वर धार्मिक क्षेत्रको मास्टर प्लान अनुसारका केहि कार्य यस वर्षनै शुरु गरेको र सो कार्यलाई निरन्तरता दिइने तथा देउमाई खोला पुल निर्माण कार्यका लागि प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रलयमा प्रतिवेदन पेश गरेको कार्यालयले जनाएको छ । रु. ३ करोड ५० लाख लागत लाग्ने चिल्ड्रेन पार्क तथा जिम हाउस निर्माण र रु. ३ करोड ५८ लाख लागत लाग्ने प्रशासकीय भवनको इन्टेरियर डिजाइन सम्बन्धी कार्यका लागि बजेट व्यवस्था गरी कार्यान्वियनमा ल्यएको देखिएन । स्रोत सुनिश्चत हुन नसक्ने योजनाको डी.पी.आर. गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

२८.३ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिम नै तयार गरी खर्च गरेको उपयुक्त देखिएन । त्यसैगरी डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनेतर्फ ध्यानदिनु पर्दछ ।

## २९ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न पदमा ५४ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१,७८,७६,२९३/- खर्च लेखेको छ ।त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, माली, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक इन्जिनियर छैटौ १ , नायव सुब्बा पाचौ ३ , अमिन सहायकस्तर चौथौ १ , सहायकस्तर चौथौ २ र जेटिए भेटेनरी १ समेत जम्मा ८ कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्तामा रु.३४,११,००५/- भुक्तानी गरेको छ। यसरी करारमा भर्ना गर्न नमिल्ने पदहरुमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३४,११,००५ |

## ३० वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं ५६०।०८१।३।१२ बाट वडा नं ४ को शैक्षिक सुधार कार्यक्रम अन्तर्गत जनश्रम आधारभुत विद्यालयका वाल कक्षादेखि ३ सम्मका विद्यार्थीहरुलाई तयारी पोशाक (सर्ट पाइन्ट) वितरण गर्न रु.३२,२००।०० र नेत्रज्योती आधारभुत विद्यालयमा शैक्षिक समाग्री (कपी, पेन्सील, ज्यमिति, बक्स) वितरण गर्न रु.४८०००।०० समेत जम्मा रु.८०२००।०० खर्च गरेको विल भरपाई पेश भएको छ। यसरी एउटा वडाको पनि एक दुइ विद्यालयमा मात्र यस्ता कार्यक्रम गर्दा पालिका भित्रका अन्य विद्यालयमा अध्ययन गर्ने विधार्थीहरुमा समेत असर पर्ने हुदा यस्ता वितरणमुखी कार्यक्रमहरुमा नियन्त्रण हुनु पर्दछ।

## ३१ थप प्रोत्साहन

नेपाल सरकार संघीय शशर्त चालु कार्यक्रमबाट महिला स्वयं सेविकाहरुलाई यातायात खर्च र पोशाक खर्च उपलब्ध गराउदै आएकोमा स्थानीय सरकारले आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी थप प्रोत्साहन सम्बन्धि कार्यक्रम गर्नु पर्दछ। पालिकाले महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई संघीय शर्शतबाट उपलब्ध गराउदै आएको सुबिधाका अतिरिक्त पालिका तर्फबाट समेत थप गरी वार्षिक रु. ६०००।०० दरले १२६ जनालाई रु.७५६०००।०० भुक्तानी गरेको छ । अतः आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी उस्तै प्रकृतिका कार्यक्रममा खर्च गर्ने प्रणालीमा नियन्त्रण गर्नु पर्दछ ।

## ३२ छात्रवृति वितरण भरपाई

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **९००,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३३ **मृत्यु दाहसंस्कार सहयोग**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने उपयोगिता सिर्जना हुने लगायतका योजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले दिर्घ रोगी उपचार यातायात सहयोग सम्बन्धी कार्यविधी, २०७७ लागु गरी सोहि अनुसार पालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकको मृत्यु भएमा मृत्यु दाहसंस्कार सहयोग वापत माग गर्ने व्यक्तिलाई रु.५,०००।०० उपलब्ध गराउने व्यवस्था गरेको छ । यस वर्ष उक्त कार्यका लागि रु.१०,००,०००।०० खर्च भुक्तानी भएको देखिन्छ । मृतकका आफन्तको निवेदन, मृत्यु दर्ता प्रमाणपत्र लगायतका प्रमाण पेशका आधारमा उक्त खर्च उपलब्ध गराउने गरेको छ । उक्त सहयोग पाउने व्यक्तिको आर्थिक स्थिति तथा असहाय रहेको सिफारिस पेश भएको देखिएन। व्यक्तिले माग गरेको आधारमा भुक्तानी दिने प्रणाली नियन्त्रण गरी वास्तविक असहाय र आर्थिक अवस्था कमजोर भएका नागरिकको पहिचानका आधारमा मात्र यस्तो सुबिधा भुक्तानी हुनु पर्दछ।

३४ **सवारी मर्मत तथा इन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी भएको कार्यसञ्चालन निर्देशिका,२०७७ को आठौं संस्करणको बुदा नं ७.१.५ मा सवारी साधन वापत सुविधा प्राप्त गर्ने सरकारी पदाधिकारीलाई तोकएको मापदण्ड बमोजिमको सवारी चालक, इन्धन र मर्मत वापत एकमुष्ट रकम उपलब्ध गराइने र सो बाहेक थप सवारी साधन, इन्धन र मर्मत खर्च उपलब्ध नगराउने व्यवस्था गरेको छ। पालिकाले सवारी साधन मर्मत तथा ईन्धन प्रयोगका सम्बन्धमा निश्चित मापदण्ड तयार गरी लागु गरेको देखिएन। पालिका अन्तर्गत टिपर-१, ब्याकहो लोडर-२, बोलेरो जिप-२, मोटरसाइकल-१८, ट्याक्टर-१, रोलर-१, एम्बुलेन्स-१, टाटा जेनन भेन पिकअप-१ सवारी साधनहरु रहेकाछन भने ती सवारी साधनहरुको मर्मत तथा सञ्चालन वापत इन्धनमा रु.३७,००,६९६।०० र मर्मतमा रु.३४,७३,९८०। ०० खर्च गरेको छ। पालिकाले सवारी साधन अनुसार पदाधिकारी तथा कर्मचारीलाई वार्षिक मर्मत र इन्धन खर्चको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ। साथै सवारी साधन मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म.ले.प. फाराम ४१४, मर्मत आवेदन तथा आदेश फाराम ४१४, ४१४(क) मर्मत सम्पन्न र ४१५ मर्मत अभिलेख खाता व्यवस्थित रुपमा राखी यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३५ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा कुनै खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनेगरी भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नुपर्ने व्यबस्था छ । पालिकाले विविध खर्च खाता अन्तर्गत सडक वोर्ड र पालिकाको साझेदारीमा देहायका योजनाहरुको आ. ब. २०७९।८० मा भएको कार्यको रकम मध्ये सडक वोर्ड तर्फको रु. ४०,५०,०००।०० यसवर्ष भुक्तानी गरेकोमा पालिकाबाट भुक्तानी बाँकी प्रमाणित गरी राखेको नपइएकोले उक्त भुक्तानी नियम सम्मत नदेखिएको रु.

| भौ नं र मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| ३।२०८०।४।१६ | वडा नम्बर ८ सडक मर्मत | १५, ५० , ०००।०० |
| ६।२०८०।४।१९ | नवमी देउमाई आ. वि . बर्दम्बा सडक मर्मत | ९, ५० , ०००।०० |
| ६।२०८०।४।१९ | देउमाई आ. वि . लिङदिङ फुलुङ्गी सडक मर्मत | १५, ५० , ०००।०० |
| जम्मा | | ४०, ५० , ०००।०० |

यस सम्बन्धमा छलफल गर्दा पालिका तर्फको भुक्तानी बाँकी रकम प्रमाणित गरी राख्ने गरेको र सडकबोर्ड तर्फको रकम असार २५ गते पछि प्राप्त भएकोले भुक्तानी बाँकी रकम प्रमाणित गर्ने नगरेको भनाई रहेको छ ।

| अनियमित भएको | ४०,५०,००० |
|---|---|

३६ **स्वायत्त संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको बारेमा उल्लेख छ । स्थानीय तहले स्वीकृत बजेटबाट स्वायत्त संस्थाहरुलाई सञ्चालन खर्च अनुदान उपलब्ध गराउन मिल्ने आधार देखिँदैन । पालिकाले विगतदेखि मंगलवारे बहुमुखी क्याम्पस प्राध्यापक व्यवस्थापन कार्यलाई निरन्तरताका लागि यस वर्ष रु.३९,९९,९९४।०० नीति तथा कार्यक्रममा समावेश गरी क्याम्पसलाई शैक्षिक अनुदान निकासा गरेको पाइयो । पालिकाले उच्च शिक्षामा अनुदान वितरण गर्न कार्यविधि तयार गरेको पाइएन साथै क्याम्पसले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश गरी प्राप्त अनुदानको सदुपयोग भएको प्रमाण समेत पेश गरेको देखिएन । पालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका स्वायत्त निकायलाई अनुदान भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ३९,९९,९९४ |
|---|---|

३७ **स्वास्थ्य बीमा**

संबिधानमा मौलिक हकको रुपमा व्यवस्था भए अनुरुप जनताले स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारलाई कार्यान्वयनमा ल्याई जनतालाई सर्वसुलभ गुणस्तरीय र सस्तो मूल्यमा स्वास्थ्य सेवा प्रदान गर्ने तथा आधारभुत स्वास्थ्य सेवामा सबैको पहुंच बढाउने उदेश्यले नेपाल सरकारले स्वास्थ्य बीमा कार्यक्रम लागु गरे अनुरुप पालिका अन्तर्गतको प्राथमिक स्वास्थ्य केन्द्र मंगलवारेमा स्वास्थ्य बीमा कार्यक्रम पालिकाले लागु गरेको छ । स्वास्थ्य केन्द्रले बीमित बिरामीहरुलाई स्वास्थ्य सेवा र फार्मेसी उपलब्ध गराए वापत लाग्ने रकम आवश्यक कागजपत्र समेत सोधभर्नाका लागी स्वास्थ्य बीमा बोर्डमा सफ्टवेयर मार्फत अनुरोध गरेपछि सोधभर्ना प्राप्त हुने गरेको छ । २०८० माघ ०१ देखि २०८१ असाढ मसान्त सम्मको बीमित उपचार खर्च वापत केन्द्रले रु.८३,१९,४९९।०० मागदाबी गरेकोमा बीमा बोर्डबाट रु.८३,१२,२३९।७० स्वीकृत भएपनि बीमा बोर्डबाट सोधभर्ना हुन बाकि देखिन्छ । अतः उक्त रकम समयमै सोधभर्ना लिने तर्फ पहल हुनु पर्दछ ।

३८ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरण लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सरकार सशर्त कार्यक्रमबाट रु.१२,७२,३४०।०० र पालिका चालुबाट रु. ४७,६९,९२०। समेत गरी रु.६०,४२,२६०।०० पटक पटक सोझै खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधीको प्रयोग र मौज्दात अवस्थाको समेत यकिन गर्न सकिएन । अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३९ **करार शिक्षक**

विद्यालयका शिक्षक तथा कर्मचारीको तलव भत्ता लगायत पोशाक, पाठयपुस्तक नेपाल सरकारको सघीय कानुन बमोजिम सशर्तका कार्यक्रमतर्फ रहको छ भने शिक्षा नियमावली, २०५९ को नियम १०५ मा विद्यालयले आफै नियुक्त गरेको शिक्षकको पारिश्रमिक आफ्नै श्रोतबाट व्यहोरिनुपर्ने उल्लेख छ। स्थानीय सरकारले त्यसलाई अनुगमन, नियमन, व्यवस्थापन, दरबन्दी मिलान जस्ता कार्यहरु गरिने उल्लेख छ। तर पालिकाले पालिका अन्तर्गतका बिभिन्न १४ वटा सामुदायिक विद्यालयमा ३५ जना करार शिक्षक नियुक्ति गरी वर्ष भरी रु.८१४०१६७।०० शिक्षकको तलव भत्तामा राजस्व बाडफाँड तथा समानिकरण अनुदानबाट विद्यालयको खातामा निकासा गरेको छ ।यस सम्बन्धमा पालिकाले आवश्यक दरवन्दी न्यून भएका साथै अंग्रेजी माध्यमबाट पढाई सञ्चालन गर्न बिगतदेखि नै शिक्षण स्वयम्

सेवक परिचालन तथा व्यवस्थापन कार्यविधि-२०७७ स्विकृत गरी सोही अनुसार व्यवस्थापन गरेको भनाई रहेको छ । पालिकाले राजस्व बाडफाँड तथा समानिकरण अनुदान शिर्षकबाट शिक्षकको तलव भत्तामा हुने खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

४० **थप सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुसार संघीय सरकारबाट सामाजिक सुरक्षा सम्बन्धि कार्यक्रमहरु संघीय शसर्त कार्यक्रममा बजेट विनियोजन भई स्थानीय सरकार मार्फत लक्षित लाभग्राही सम्म पुर्याउने व्यवस्था गरेको छ । पालिकाले पनि जेष्ठ नागरिक पोशाक भत्ता, एकल पुरुष भत्ता, तेस्रो लिङ्गी नागरिक भत्ता, ४५ वर्ष माथिका अविवाहित महिलालाई भत्ता तथा पँहेलो कार्ड प्राप्त अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरी यस वर्ष रु.७४,७१,०००।०० पालिकाले राजस्व बाडफाँड तथा समानिकरण अनुदान शीर्षकबाट व्यहोर्ने गरी थप सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी उस्तै प्रकृतिका कार्यमा खर्च गर्ने प्रणालीमा सुधार गर्नु पर्दछ।यस सम्बन्धमा छलफल गर्दा उक्त कार्यक्रम आर्थिक वर्ष २०८१।८२ बाट पूर्ण रुपमा हटाई सकेको पालिकाको भनाइ रहेको छ ।

४१ **शिक्षकको दरबन्दी तथा पदपूर्ती**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५१ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | विद्यालयको नाम | वडा | बावलिकास दरबन्दी | स्थायी कार्यरत दरबन्दी | करार | राहत | pdf | उमा अनुदान र प्राविधिक धार | रिक्त दरबन्दी | जम्मा | विद्यालय कर्मचारी | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आदर्श सिद्ध आ.वि. | दे.न.पा. ७ | २ | ७ | ० | १ | | ० | ० | ८ | १ | ८९ | ११.१३ |
| २ | कञ्चनजघा आ.वि. | दे.न.पा. १ | २ | २ | ० | ० | | ० | ० | २ | १ | २१ | १०.५ |
| ३ | कमल देवी आ.वि. | दे.न.पा. १ | १ | २ | ० | ० | | ० | ० | २ | १ | १६ | ८ |
| | कन्काई आ.वि. | दे.न.पा. | | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | - |
| ४ | कालिका देवी आ.वि. | दे.न.पा. ४ | १ | ४ | ० | ० | | ० | ० | ४ | १ | ४० | १० |
| ५ | खान्द्बुङ मा.वि. | दे.न.पा. ७ | ५ | १३ | ० | ३ | | २ | ० | १८ | ३ | ४७७ | २६.५ |
| | खरिटोल बालविकास केन्द्र | दे.न.पा. २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ९ | - |
| ६ | गजुरमुखी आ.वि. | दे.न.पा. ९ | २ | ५ | ० | ० | | ० | ० | ५ | १ | ६७ | १३.४ |
| ७ | गम्भिरपोखरी आ.वि. | दे.न.पा. ७ | १ | २ | ० | १ | | ० | ० | ३ | १ | ३४ | ११.३३ |
| ८ | गोर्खे आ.वि. | दे.न.पा. ७ | १ | ० | ० | १ | | ० | ० | १ | १ | १८ | १८ |
| ९ | जनकल्याण आ.वि. | दे.न.पा. ५ | २ | ४ | १ | ० | | ० | ० | ५ | १ | ७० | १४ |
| १० | जनकल्याण आ.वि. शान्तिडाँडा | दे.न.पा. ६ | २ | ० | ० | ० | | ० | ० | ० | १ | ३३ | - |
| ११ | जनकल्याण आ.वि.जीतपुर | दे.न.पा. ८ | १ | १ | ० | २ | | ० | ० | ३ | १ | २० | ६.६७ |
| १२ | जनता आ.वि. खान्द्बुङ | दे.न.पा. १ | १ | ५ | १ | ० | | ० | ० | ६ | १ | ९७ | १६.१७ |
| १३ | जनता आ.वि. तालखर्क | दे.न.पा. ८ | २ | ७ | ० | ० | | ० | ० | ७ | १ | ८६ | १२.२९ |
| १४ | जनता आ.वि. बरबोटे | दे.न.पा. १ | ० | ० | १ | ० | | ० | ० | १ | १ | २५ | २५ |
| १५ | जनश्रम आ.वि. | दे.न.पा. ४ | १ | १ | ० | ० | | ० | ० | १ | १ | २३ | २३ |
| १६ | जीतपुर मा.वि. | दे.न.पा. ९ | २ | १९ | ० | २ | | ३ | ० | २४ | ३ | ६६५ | २७.७१ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | डम्वरदेवी मा.वि. | दे.न.पा. १ | २ | ८ | ० | ७ | | २ | ० | १७ | २ | ३१६ | १८.५९ |
| १८ | त्रिजुगा आ.वि. | दे.न.पा. ३ | १ | १ | ० | १ | | | ० | २ | १ | १९ | ९.५ |
| १९ | त्रिभुवन आ.वि. | दे.न.पा. ९ | ३ | ७ | ० | २ | | ० | ० | ९ | १ | १२४ | १३.७८ |
| २० | रत्नमाई आ.वि. | दे.न.पा. २ | १ | १ | ० | ० | | ० | ० | १ | ० | ४ | ४ |
| २१ | देउमाई आ.वि. | दे.न.पा. ९ | ३ | ३ | ० | ० | | ० | ० | ३ | १ | २९ | ९.६७ |
| २२ | देउराली आ.वि. | दे.न.पा. ८ | १ | १ | ० | ० | | ० | ० | १ | १ | १५ | १५ |
| २३ | देविस्थान आ.वि. | दे.न.पा. २ | १ | २ | ० | ० | | ० | ० | २ | १ | २९ | १४.५ |
| २४ | नमूना आधारभूत विद्यालय | दे.न.पा. २ | ० | ० | १ | ० | | ० | ० | १ | १ | १६ | १६ |
| २५ | नागेश्वरी आ.वि. | दे.न.पा. ५ | ३ | ५ | १ | ० | | ० | ० | ६ | १ | ११४ | १९ |
| २६ | नेत्रज्योति आ.वि. | दे.न.पा. ४ | २ | २ | ० | १ | | ० | ० | ३ | १ | ५० | १६.६७ |
| २७ | पञ्च मा.वि. | दे.न.पा. ३ | २ | ११ | ० | ६ | | २ | ० | १९ | २ | २५५ | १३.४१ |
| २८ | पञ्चकन्या मा.वि | दे.न.पा. ६ | ३ | ६ | २ | ३ | | ० | ० | ११ | २ | १४६ | १३.२७ |
| २९ | पुवामाई आ.वि. | दे.न.पा. ६ | २ | ५ | १ | १ | | | ० | ७ | १ | ६३ | ९ |
| ३० | बाक्सिला आ.वि. | दे.न.पा. २ | १ | २ | ० | १ | | ० | ० | ३ | १ | ४० | १३.३४ |
| ३१ | भगवती आ.वि. | दे.न.पा. ८ | २ | ६ | ० | ३ | | ० | ० | ९ | १ | १०२ | ११.३४ |
| ३२ | भगवती मा.वि. | दे.न.पा. ५ | ३ | ९ | ० | ५ | | २ | ० | १६ | २ | २२५ | १४.०६ |
| ३३ | भानुदय आ.वि. | दे.न.पा. २ | १ | २ | ० | ० | | ० | ० | २ | १ | २४ | १२ |
| ३४ | भानुभक्त मा.वि. | दे.न.पा. ४ | ६ | २३ | ० | ३ | | ११ | ० | ३७ | २ | ८४८ | २२.९२ |
| ३५ | महेन्द्रोदय आ.वि. | दे.न.पा. | ३ | ९ | ० | १ | | ० | ० | १० | १ | ११५ | ११.५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३ | | | | | | | | | | | |
| ३६ | रुद्र आ.वि. | दे.न.पा. ५ | १ | ७ | ० | ० | | ० | ० | ७ | १ | ९० | १२.८५ |
| ३७ | लक्ष्मी आ.वि. | दे.न.पा. ५ | १ | २ | १ | ० | | ० | ० | ३ | १ | १४ | ४.६७ |
| ३८ | शिवशक्ति संस्कृत पाठशाला | दे.न.पा. ४ | ० | ० | ० | ० | | ० | ० | ० | १ | ३५ | - |
| ३९ | सरस्वती आ.वि. | दे.न.पा. २ | १ | ४ | ० | ३ | | ० | ० | ७ | १ | ४५ | ६.४३ |
| ४० | सहवीर आ.वि. | दे.न.पा. ३ | १ | २ | ० | ० | | ० | ० | २ | १ | १७ | ८.५ |
| ४१ | सान्दोक पल्वी गुम्बा | दे.न.पा. २ | ० | ० | ० | ० | | ० | ० | ० | ० | | - |
| ४२ | साब्जुङ आ.वि. | दे.न.पा. २ | १ | १ | ० | ० | | ० | ० | १ | १ | ५३ | ४३ |
| ४३ | सावित्रा देवी आ.वि. | दे.न.पा. ५ | १ | १ | ० | १ | | ० | ० | २ | १ | २७ | १३.५ |
| ४४ | सिंहदेवी आ.वि. फुटुक | दे.न.पा. ६ | ३ | २ | ० | १ | | ० | ० | ३ | १ | ३८ | १२.६७ |
| ४५ | सिंहदेवी आ.वि. महभीर | दे.न.पा. २ | १ | २ | ० | ० | | ० | ० | २ | १ | २० | १० |
| ४६ | सिंहदेवी आ.वि. रुपज्योति बा.वि.के. | दे.न.पा. ९ | १ | ० | ० | ० | | ० | ० | ० | ० | ६ | ० |
| ४७ | सिंहदेवी आ.वि. साङ्गरुम्वा | दे.न.पा. ३ | २ | ३ | ० | २ | | ० | ० | ५ | १ | ९१ | १८.२ |
| ४८ | सिद्धदेउमाई आ.वि. | दे.न.पा. १ | १ | ३ | १ | ० | | ० | ० | ४ | १ | ४१ | १०.२५ |
| ४९ | सिद्धदेवी सरस्वती आ.वि. | दे.न.पा. ९ | ० | १ | १ | ० | | ० | ० | २ | १ | १४ | ७ |
| ५० | सिहवसन्त आ.वि. | दे.न.पा. १ | १ | ४ | १ | २ | | ० | ० | ७ | १ | ५९ | ८.४३ |
| ५१ | सुर्के आ.वि. | दे.न.पा. ३ | १ | २ | ० | ० | | ० | ० | २ | १ | २१ | १०.५ |
| | | | ८२ | २०९ | १२ | ५३ | ० | २२ | ० | २९६ | ५७ | ४९०३ | १६.५६ |

उपर्युक्त तालिका अनुसार पालिका भित्र ५१ विद्यालय रहेकोमा कुल शिक्षकको दरवन्दी २९६ र विद्यार्थी संख्या ४९०३ रहेको देखिन्छ । सो मध्ये रत्नमाई आधारभुत विद्यालयमा ४ जना विद्यार्थी मात्र रहेकोमा १ शिक्षक दरवन्दी रही शिक्षक विद्यार्थी अनुपात १ः४ रहेको, त्यसै गरी श्री भानुभक्त माध्यमिक विद्यालयमा सवै भन्दा वढी विद्यार्थी ८४८ रहेको र शिक्षक दरवन्दी २७ जना रही शिक्षक विद्यार्थी

अनुपात १:२२.९२ रहेको छ । अतः पालिकाले नेपाल सरकारको नीति वमोजिम शिक्षक विद्यार्थी अनुपात मिलान हुनेगरी विद्यालयहरुको व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

४२ **पोशाक खर्च**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **शैक्षिक क्षति परिपुरण** (२५७-२०८१-३-२२):

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **४९९,५९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४४ **नमुना विद्यालय**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **३,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५ **पाठ्यपुस्तको कम भरपाई**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **४,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,०६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,६५६.०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४६ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुका लागि निशुल्क प्याड वितरणका लागि पालिकाले यस वर्ष Asal Hygiene Products Pvt.ltd. Lokanthali 1 Madhyapur (VAT no 609695751 bill no 0488 Date 2080.12.09) मार्फत १६२०० थान प्याड प्रतिगोटा भ्याट सहितको मूल्य रु.९०।१२ ले हुने जम्मा रु. १४५९९०३।५० को खरिद गरेको छ।पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नु पर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयलाई वितरण गरेको देखिन्छ। साथै पालिकाले खरिद गरिएका प्याडहरुको स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि अनसुची १ ले तोके बमोजिमको गुणस्तर भए/नभएको सम्बन्धमा गुणस्तर परीक्षण परिक्षण गरी सोको यकिन गरेको देखिएन । अतः पालिकाले प्याड खरिद गर्दा आवश्यकताको पहिचान गरी सो परिमाणमा मात्र प्याड खरिद गर्ने, गुणस्तर सुनिस्चित गर्ने, साथै मौज्दात व्यवस्थापनलाई व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४७ **दिवा खाजा**

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१०,३३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **सि.टि.ई.भि.टी. शिक्षा अनुदान**

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **७००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४९ **छात्रवृत्ती**

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५० **पाठ्यपुस्तकको भरपाई**

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१५,३०१.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१२,४५७.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५१ **विज्ञान प्रयोगशाला तथा पुस्तकालय**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रवाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को बुँदा नं. ९.५ मा निर्देशिका बमोजिम छनौट भएका सामुदायिक विद्यालयमा पुस्तकालय स्थापना गर्न र बुँदा नं.९.६ मा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना गर्न पालिकाले प्रति विद्यालय एकमुष्ठमा रु. ६ लाख ५० हजारका दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ। पुस्तकालय स्थापनाको सन्दर्भमा विद्यालयले कुल रकमको २५ प्रतिशत सम्म फर्निचर लगायतका शिर्षकमा खर्च गर्न सक्ने र बाँकी ७५ प्रतिशत रकमको पुस्तक खरिद गर्नु पर्ने छ भने विज्ञान प्रयोगशालाको लागि विद्यालयहरुले नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका,२०७४ को अनुसूचीको मापदण्डको आधारमा स्थापना गर्नु पर्ने उल्लेख छ। पालिकाले देहायबमोजिमको विद्यालयहरुमा पुस्तकालय र विज्ञान प्रयोगशालाको रकम एकमुष्ठ अनुदान नदिई टुक्र्याएर ७ वटा विद्यालयहरुलाई विभिन्न अनुपातमा अनुदान रकम निकासा दिएको देखियो। यसरी अनुदान रकम एकमुष्ठ रुपमा नदिँदा निर्देशिकाले तोकेको उद्धेश्य तथा मापदण्ड पुरा हुन नसक्ने देखिन्छ। अतः पालिकाले निर्देशिका बमोजिम विद्यालयलाई अनुदान उपलब्ध गराई तोकिएको उदेश्य हासिल गर्नमा ध्यान दिनुपर्दछ।

| सि. नं . | विद्यालयको नाम | कार्यक्रम | रकम | कक्षा सञ्चालन |
|---|---|---|---|---|
| १ | श्री जनकल्याण आ. वि . दे . न . पा . ५ | पुस्तकालय तथा ICT ल्याब | २५०००० | १ देखि ८ |
| २ | श्री सिंहदेबी आ. वि . दे . न . पा . ६ | पुस्तकालय तथा ICT ल्याब | १२५००० | १ देखि ८ |
| ३ | श्री सिंहदेबी आ. वि . दे . न . पा . ३ | पुस्तकालय तथा ICT ल्याब | १५०००० | १ देखि ६ |
| ४ | श्री सिद्धदेउमाई आ. वि . दे . न . पा . ८ | पुस्तकालय तथा ICT ल्याब | १२५००० | १ देखि ८ |
| ५ | श्री नागेश्वरी आ. वि . दे . न . पा . ५ | विज्ञान प्रयोगशाला | २१६००० | १ देखि ८ |
| ६ | श्री रुद्र आ. वि . दे . न . पा . ५ | विज्ञान प्रयोगशाला | २१७००० | १ देखि ८ |
| ७ | श्री सिंह बसन्तदेबी आ. वि . दे . न . पा . १ | विज्ञान प्रयोगशाला | २१७००० | १ देखि ८ |
| | | जम्मा रु. | १३००००० | |

५२ **शिक्षकको अवकास**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **२२,६२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५३ **संस्थागत विद्यालयको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमती सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था गरेको छ । पालिकाबाट अनुमती लिइ सञ्चालनमा रहेका १४ संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरी सोहि बमोजिम अनुगमन गर्नु पर्ने व्यवस्था भएता पनि निजी विद्यालयको शुल्क निर्धारण सम्बन्धमा अनुगमन गरेता पनि शैक्षिक तथा सञ्चालन र व्यवस्थापनमा पालिकाले आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित संस्थागत विधालयको अन्य विषयमा नियमित अनुगमन सुपरीवेक्षण तथा नियमन गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

५४ **शिक्षकको सरुवा**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१०,०५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **पशुरोग खोपको परिश्रमिक** (२३-२०८१-३-२३):

पालिकाले प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत गाई वस्तु तथा बाख्रालाई खोप लगाय वापत प्राविधिक गोपाल प्रसाद लुइटेललाई निर्देशिकाले तोके बमोजिम गाई वस्तुको लम्पी स्कीन तथा खोरेत रोग सम्बन्धी खोप ८००३ वटाको रु. ३० का दरले रु. २,४०,०९०।०० तथा बाख्राको पिपिआर खोप १०००० वटाको रु. १० का दरले रु. १,००,०००।०० समेत रु. ३,४०,०९०।०० भुक्तानी गरेको छ । यसरी खोप लगाउँदा खोप अभिलेख फाराममा पशुधनिको नाम, खोप लगाएको पशुको सङ्ख्या वडा नम्बर उल्लेख गरी वडा कार्यालयबाट प्रमाणित समेत गराउने गरेको भएता पनि उक्त फाराममा सम्बन्धित पशुधनिको फोन नम्बर तथा आफ्नो पशुपन्क्षीलाई खोप लगाएको हो भनि पशुधनिले हस्ताक्षर समेत गर्ने गरी फाराम डिजाइन नगरेकोले फाराममा उल्लेख गरेको पशुको खोप सङ्ख्या बारे एकिन गर्नसक्ने अवस्थन देखिएन । यस किसिमको कार्यको भुक्तानी गर्दा सबै विवरण खुल्नेगरी अभिलेख राखी भुक्तानी दिनुपर्दछ ।

५६ **मिल्क सेपरेटर तथा फ्रिज खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने र एउटै प्रकृतिका खरिद कार्य गर्दा सम्भव भएसम्म एउटै प्याकेज बनाउनु पर्ने र नियम ८५ मा रु.१० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान खरिद गर्दा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा रु.२० लाख रुपैँया सम्मको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउ पत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था रहेकोछ। पालिकाले छुर्पि प्रवर्द्धन अन्तर्गत आवश्यक पर्ने सामाग्री खरिद कार्यका लागि बार्षिक खरिद योजना नबनाएको, लागत अनुमान तयार नगरेको तथा एउटै प्रकृतिका मालसामानलाई टुक्रा बनाई खरिद र यस्ता अनुदान रकम सार्वजनिकरण नगरी देहायको भौचरबाट रु.१२,०७,८३१।८५ भुक्तानी दिएको देखिएकोले उक्त खरिद कार्य नियमसम्मत नदेखिएको रु.

| गो. भौ . नं . मिति | सप्लायर्सको नाम | खरिद सामाग्री | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १९९- २०८१।०२।३१ | शशाङ्क इलेक्ट्रोनिक्स | डिप फ्रिज खरिद | ८६२८३१।८५ | ५० प्रतिशत अनुदान |
| १९९- २०८१।०२।३१ | दक्षेष एग्रो प्रा. लि | क्रिम सेपरेटर | ३४५००० | ५० प्रतिशत अनुदान |
| | | जम्मा रु. | १२०७८३१।८५ | |

| | |
|---|---|
| अनियमित भएको | १२,०७,८३१.८५ |

५७ **औषधी खरिद** (३३-२०८०-७-१):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **११,५९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **वढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत ड्रइङ्ग डिजाइनको आधारमा गर्नुपर्ने व्यवस्था छ । नियम १२३ ख मा खरिद सम्झौता वमोजिम कुनै निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी

नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नः 01-DM/NCB/WORKS/2080-81 को नगरपालिका प्रशासकिय भवन परिषर निर्माण अन्तर्गत कम्पाउण्ड वाल, गार्ड हाउस निर्माण लगायतको काममा Brick work को लागत अनुमान तयार गर्दा भुँई तल्लाको दर राख्नुपर्नेमा पहिलो तल्ला वा सो भन्दा माथीको दर विश्लेषणबाट लागत अनुमान तयार गरेको र सोही आधारमा देउमाई निर्माण सेवासँग ठेक्का सम्झौता भएको देखिन्छ। Brick work मा भुँई तल्लाको भन्दा पहिलो तल्ला देखि माथिको दर विश्लेषण वढी हुने भएकोले लागत अनुमान वढी दरमा ठेक्का सम्झौता गर्दा निर्माण व्यवसायीले ठेक्कामा घटेको दरको आधारमा नयाँ दर कायम गरेर भुक्तानी दिनुपर्ने पर्दछ। तर उपर्युक्त वमोजिम नगरेकोले वढी भुक्तानी भएको रकम निर्माण व्यसायीबाट असूल गर्नुपर्ने रु...

| विवरण | स्टिमेटमा फरक प्रति घ. मि . | कबोलमा घटी प्रतिशत | फरक दर | परिमाण | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| Brick work 1:6 | ४४४.१९ | ३३.०९ | २९७.२ | ७.२ | २१३९.८९ |
| Brick work 1:4 | ४४४.२८ | २७.९१ | ३२०.२८ | ६१.४६ | १९६८४.४ |
| जम्माः | | | | | २१८२४.२९ |
| मुल्य अभिवृद्धि कर | | | | | २८३७.१६ |
| कुल जम्माः | | | | | २४६६१.४५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,६६२ |

५९ **एकिकृत स्वास्थ्य पूर्वाधार**

नगरपालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत १५ शैयाको अस्पताल निर्माणको लागि ठेक्का नः13/DM/NCB/2077/78 मार्फत निर्माण व्यवसायी विकोई-खनाल जे/भी संग रु.१३,९५,२०,२४२।३० (मु.अ.कर समेत) मा २४ महिनामा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१।३० मा सम्झौता भएको छ । निर्माण कार्यको दोश्रो पटक म्याद थप गरी सम्पन्न गर्नुपर्ने अवधि २०८१।७।३० सम्म रहेकोमा हाल सम्म रु.८,९४,१९,९९९।९९ भुक्तानी भएको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

५९.१ **भेरिएशन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएशन जारी गर्दा प्राविधिक पुष्ट्याई समेत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले १५ शैया अस्पताल भवन निर्माण गर्ने कार्यका लागि सम्झौता गरे पश्चात Hill Side तिर आवश्यकता भन्दा बढी उचाई गएको र विल्डिङको अगाडी तर्फ (तलतिरको भाग) पनि जग्गा भिरालो भएकोले विल्डिङको सुरक्षा सथै सम्भावित भू-जोखिमलाई समेत मध्यनजर गर्दै Retaining Wall थप गर्नुपर्ने तथा विल्डिङको अगाडी माटोले पुरी समथर वनाई उपयोग्य जग्गाको क्षेत्रफल बढाउनु पर्ने भएकोले Earth work back filling पनि अति आवश्यक भएको कारण अस्पताल निर्माण स्थललाई सुरक्षित गर्न Shear wall, Earth work back filling लगायतको कार्य थप गर्न २०८१।१।२५ नगरसभाबाट प्रथम भेरिएशनबाट सुरु सम्झौता रकमको २.९९ प्रतिशत अर्थात रु.४१,८५,१२६।७६ (मु.अ.कर समेत) थप भै सम्झौता रकम रु.१४,३७,०५,३६९।०६ (मु.अ.कर समेत) पुगेको देखिन्छ । मुल्य समायोजन, Physical Contingency लगायतको दायित्व पालिकालाई थप भएकोले श्रोत अभावको कारण मुख्य संरचना लगायत अत्यन्त आवश्यक संरचना मात्र निर्माण गर्ने भनि अन्य आइटमहरु भेरिएशन मार्फत हटाएको अवस्थामा पनि भेरिएशन पछी २.९९ प्रतिशत सम्झौता रकममा थप भएको देखिन्छ । पालिकाले निर्माणको परियोजना प्रतिवेदन तयार गर्दा निर्माण स्थलको भौगर्भिक अध्ययन प्रभावकारी नभएको कारण निर्माण कार्यमा २.९९ प्रतिशत लागत थप भैसकेको अवस्था देखिन्छ । पालिकाले भेरिएशन गरी लगाएको Shear Wall को तल्लो भागमा ७९ मिटर लम्वाई र ०.४५ मिटर उपल्लो भागको चौडाई तथा माथिल्लो भागमा ७० मिटर लम्वाई र ०.६० मिटर उपल्लो भागको चौडाई रहेको देखिन्छ । पालिकाले निर्माण कार्यको पूर्व तयारी गर्दा पर्याप्त अध्ययन विश्लेषण नगरेको कारण लागत बृद्धि भएको देखिएकोले विष्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्शदातालाई समेत थप जिम्मेवार बनाउनु पर्दछ

। यसरी निर्माण कार्य सुरुवात संगै पर्याप्त अध्ययन वेगर भेरिएशन गरी भुक्तानी गर्ने अवस्थाको पालिकाबाट हुने खरिद सम्झौतामा अन्त्य हुनुपर्दछ।

५९.२ **नयाँ दर कायम -** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५४ मा खरीद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सृजना भएमा भेरिएशन आदेश जारी गर्न सकिने ब्यवस्था छ । त्यस्तै निर्माण व्यवसायीसंगको सम्झौताको साधारण शर्तको बुँदा नः ४६.६ मा वि.ओ.क्यूमा उल्लेखित मुख्य आइटममा २५ प्रतिशत भन्दा वढी र कुल ठेक्काको २ प्रतिशत भन्दा वढी भेरिएन भएमा त्यस्तो थप भएको काममा भेरिएशन स्वीकृत गरी नयाँ दर रेट कायम गर्नुपर्ने उल्लेख छ । यस खरिद सम्झौतामा मुल्य समायोजन, Physical Contingency लगायतको दायित्व पालिकालाई थप भएकोले श्रोत अभावको कारण मुख्य संरचना लगायत अत्यन्त आवश्यक संरचना मात्र निर्माण गर्ने भनि अन्य आइटमहरु भेरिएशन मार्फत हटाएको अवस्थामा पनि भेरिएशन पछी २.९९ प्रतिशत सम्झौता रकममा थप भएको देखिन्छ । भेरिएशन पछी आइटम नः३ Excavation Manually मा २१७३.९१ देखि ३००० घनमिटर, आइटम नः४ Back filling मा १७१९.५१ देखि ८००० घ.मि. र आइटम नः११ PCC 1:1.5:3 मा १२०२.४६ देखि २२५० घनमिटर परिमाण पुगेको देखिन्छ । यसरी भेरिएशनबाट वढेको परिमाण Excavation Manually ८२६.०९ घनमिटरको रु.२५० ले रु.२,०६,५२२।५०, Back filling ६२८०.४९ घनमिटरको रु.३०० ले हुने रु.१८,८४,१४७। र PCC 1:1.5:3 को १०४७.५४ घनमिटरको रु.१२,५०० ले हुने रु.१,३०,९४,२५०। गरी जम्मा रु.१,५१,८४,९१९।५० मुख्य संरचना मात्र निर्माण गर्नको लागि थप भुक्तानी भएको देखिन्छ । निर्माण कार्यको पूर्व तयारी गर्दा पर्याप्त अध्ययन विश्लेषण नगरेको कारण भेरिएशन भई लागत वढ्न गरएको देखिन्छ । उपर्युक्त आइटम नः३ मा ३८ प्रतिशत, आइटम नः४ ३६५.२५ प्रतिशत र आइटम नः११ मा ८७.१२ प्रतिशत र कुल ठेक्का रकममा PCC 1:1.5:3 मा मात्र १०.६० प्रतिशत वढ्न गएको देखिएकोले सम्झौताको शर्त वमोजिम रेट नेगोशिएसन गरी नयाँ दर कायम गरेर सो वमोजिम भुक्तानी दिनुपर्नेमा वि.ओ.क्यू.मा कवोल गरेको दरमै भुक्तानी भएको छ। यसरी रेट नेगोशिएसन नगरी थप वढ्न गएको परिमाणमा मुल्य अभिवृद्धि कर समेत थप गरी भुक्तानी भएकोले सम्झौताको शर्त वमोजिम गर्नुपर्दछ।

६० **देउमाई शहरी सडक**

ठेक्का नः 02-DM/NCB/WORKS/2080-81 को देउमाई शहरी सडक स्तरोन्नतीको लागत अनुमान रु.१,४७,०३,६१८।४० रहेकोमा रु.८७,३४,२१३।२५ मा भूमिका कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग सम्झौता भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

६०.१ **नापीमा त्रुटी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१४,०२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६०.२ **चेनेज नखुलेको**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१२७,५०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६०.३ **एउटै चनेजमा काम गरेको**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **३५७,१३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६१ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले कृषि तथा पशु कार्यक्रममा सामान खरिदमा रु.१६ लाख ६४ हजार तथा कृषक समुहलाई रु.५ लाख ५ हजार गरी रु.२१ लाख ६९ अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। यसरी अनुदानमा वितरण भएको विवरण सार्वजनिकीकरण गरिनु पर्दछ। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

६२ **बीमा नगराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमका ठेक्कामा वीमा नै नगराइ निर्माण कार्य गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी/उपभोक्ता समिति | कामको विवरण | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कैफियत |
|---|---|---|---|---|---|
| 06/DM/NCB/WORKS/2080-81 | भूमिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स | देउमाई खानेपानी योजना | ६२४१८९३.७ | ५००००. | वीमा नगरेको |
| 06/DM/NCB/WORK/2077-78 | आशिर्वाद निर्माण सेवा प्रा लि | गैह्री नगरपालिका नागी नमुना पीच क्रमागत | ४०१२८७७५.८२ | ० | वीमा नगरेको |
| 02/DM/NCB/WORKS/2080-81 | भूमिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स | दउमाई शहरी सडक स्तरोन्नती | ८७३४२१३.२५ | १००६००. | वीमा नगरेको |

६३ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधि भित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। म्यादथप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले सम्झौता रकम रु.४,०१,२८,७७५।८२, ठेक्का नं. 06/DM/NCB/WORK/2077-78 को गैह्री- नगरपालिका- नागी नमुना पीच क्रमागत योजनामा म्याद थप गर्नु अगाडि माथि उल्लेखित कुराहरुको बारेमा विश्लेषण नगरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गरेको देखिन्छ । सुरु सम्झौता वमोजिम २०७८।१२।२५ मा सम्पन्न गर्नुपर्ने यस खरिद सम्झौतामा काम सम्पन्न गर्नुको लागि थप ६ महिना माग गरी २०७८।११।२५ मा म्याद थपको लागि निवेदन पेश भएको तर सो निवेदन उपर मिति २०७९।५।५ मा मात्र कारवाही गरी नगर कार्यपालिका वैठकबाट २०८०।३।२५ सम्मको लागि म्याद थप गरेको देखिन्छ । यसबाट निर्माण व्यवसायीले मात्र नभै कार्यालयले पनि तोकिएको समयमा काम सम्पन्न गर्न चासो दिएको देखिएन । यसरी थप गरेको अवधिमा पनि काम सम्पन्न नहुने अवस्था रहेको भनि पुनः निर्माण व्यवसायीले दिएको निवेदनको आधारमा नगर कार्यपालिकाको २०८०।५।६ को निर्णयबाट २०८१।२।२ सम्म म्याद थप भएको छ । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख

गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको देखिन्छ । हाल सम्म रु.३,०९,४४,६६३।८० (तेश्रो विल सम्म) भुक्तानी भएको तर एउटै कारण देखाई पटक पटक म्याद थप माग गरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

६४ **आधुरा योजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहायअनुसारका २ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्थामा समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| ठेक्का नः र योजना | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप पछिको काम सम्पन्न गर्नुपर्ने | हाल सम्मको भुक्तानी |
|---|---|---|---|---|---|
| 06/DM/NCB/WORKS/2077-78 गैही - नगरपालिका - नागी नमुना पीच | आशिर्वाद निर्माण सेवा प्रा. लि . | ५३५५३७३.६५ | २०७७।१२।२५ | २०८१।२।२ | ३०९४४६६३.८ |
| 13/DM/NCB/WORKS/2077-78 १५शैया अस्पताल निर्माण | विकोई- खनाल जे . भी . | १४३७०५३६९.०६ | २०७८।१।३० | २०८१।७।३० | ८९४१९९९९.९९ |

६५ **नभएको कामको भुक्तानी** (२४१-२०८१-३-२३):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१२९,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६६ **क्याटलग सपिङ**

उत्पादक तथा आधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को दफा १८(१) घ मा औजार, मेशिनरी, उपकरण वा त्यस्तै यान्त्रिक मालसामानहरुको हकमा मुल्य अभिवृद्धि कर सहित वढीमा रु.२५ लाख सम्मको खरिद गर्न सकिने र उपदफा २ मा यस विधीबाट एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमा भित्र रहि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले क्याटलग सपिङ मार्फत कृषि औजार तथा उपकरण खरिद गर्दा तोकिएको सिमा भन्दा वढीको खरिद गरेको देखिन्छ । कार्यविधिमा भएको सीमा भन्दा वढी खरिद भएको अनियमित देखिएको रु…

| भौचर नं./ मिति | विवरण | आपूर्तिकर्ता | संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५१- २०८०।१०।२६ | कृषि हाते ट्याक्टर खरिद | माईपोखरी एग्रो मेशिनरी | २० | २५०००००. |
| ८०- २०८०।१२।१२ | पशु च्याप्कटर खरिद | विराट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि . | ४८ | १६९९२००. |
| | जम्माः | | | ४१९९२००. |

| | |
|---|---|
| अनियमित भएको | ४१,९९,२०० |

६७ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने, त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु.१० लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका रु.१,८०,७४,९६८। वरावरका निर्माण तथा खरिद कार्य गर्दा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन । यसरी खरिद योजना नवनाई प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी | इस्टीमेट | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | वडा नं. ५ वडाका विभिन्न सडकहरु मर्मत सम्हार | सायाहाङ्ग एण्ड निसामा निर्माण सेवा | ९९९३७१.६ | ९८१९४०. |
| २ | वडा नं. ४ का विभिन्न सडकहरु मर्मत सम्हार | फेडेरल कन्स्ट्रक्सन प्रा.लि. | ७९९८५२.२ | ९७४००६. |
| ३ | वडा नं ६ का विभिन्न सडकहरु मर्मत सम्भार | देउमाई निर्माण सेवा | ५९९६६८.४ | ५७४३२७. |
| ४ | इलाका प्रहरी कार्यालय दुर्गा मन्दिर निर्माण | भुमिका कन्स्ट्रक्सन एण्ड सफ्लायर्स निरोज ढकाल | ५९१२००.९ | ५२२५६०. |
| ५ | वडा स्तरिय सडक मर्मत देउमाई-३ | एलगोर कटुवाल एकता निर्माण सेवा | ७९९९६५.६ | ७६४३८१. |
| ६ | वडा नं. ९ का विभिन्न सडक स्तरउन्नती तथा विस्तार | मेरिस्का मल्लिक निर्माण सेवा प्रा.लि. | ९९९९०४.२ | ९६००००. |
| ७ | वडा नं.९ का विभिन्न सडकहरु मर्मत | साइना कन्स्ट्रक्सन प्रा.लि. | ९९९८८४.३ | ९९४२१५. |
| ८ | मंगलवारे नेपालटार सडक मर्मत | प्रश्ना निर्माण सेवा भिष्म कुमार बुढाथोकी | ९९९९७७.५ | ९९८४६३. |
| ९ | तुम्देनचोक आकाशे सडक | रोशन महत भान्जा कन्स्ट्रक्सन | ९९९६७२. | ९९५५७४. |
| १० | जितपुर नवमी लोकमणी सडक मर्मत | बिवि निर्माण सेवा बुद्धिमान विष्ठ | ९९३०४०.८ | ९९१०५२. |
| ११ | मंगलवारे धुसेनी दोभान सडक मर्मत | कार्की निर्माण सेवा एण्ड विजेस सफ्लायर्स | ९९९५१७.६ | ९८०५७४. |
| १२ | भानुभक्त मावि भवन निर्माण | विर बहादुर राई सुमिक निर्माण सेवा | ९९९८८०.३ | ९९२४२३. |
| १३ | ओख्राबुङ खोल्सी धुसेनी रोड संगम स्थर उन्नती | एड्रिन कन्स्ट्रक्सन प्रा.लि. मदन कुमार बस्नेत | ९९८९९७.३ | ९३९५००. |
| १४ | वडा नं. २ सडक मर्मत सम्भार तथा स्तरउन्नती | ब्लीउ स्कउर कन्स्ट्रक्सन प्रा. लि. | ९७२८१५.६ | ८९२७०८. |
| १५ | मंगलबारे देउराली विन्दुले सडक मर्मत | DPNR Construction And Supliers Pvt.Ltd. | ९९९०२१.७ | ९९४०७६. |
| १६ | रक्से मंगलवारे सडक मर्मत | अभिसेक निर्माण सेवा | ७९८१३९.३ | ७८१०७८. |
| १७ | पैरे भन्ज्याङ्ग वाफ्रुङ सडक मर्मत | एन पि एल कन्स्ट्रक्सन | ९९९९३८.७ | ९९७८७७. |
| १८ | फर्निचर एण्ड फिक्चर्स | सन्तोष स्टील फर्निचर | ९८००००. | ९७९६७०. |
| १९ | मेशिन तथा औजार | सफ्टेक इन्फसेस | २५००००. | २२६०००. |
| २० | टुल्स खरीद | जय अम्बे सफ्लासर्स | ९७००००. | ९५९६६४. |
| २१ | नविकरणीउ उर्जा जडान | सु-लक्ष्मी सफ्लायर्स | ६०००००. | ५७४८८०. |
| | जम्माः | | १८३५०८४८. | १८०७४९६८. |

६८ **सामग्री हस्तान्तरण**

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **२१३,९६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१६५,७५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **२२१,९६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१२४,५१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **२३३,४६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ६९ जनालाई औसत ९५।१४ दिनले ६५६५ दिन रोजगारी उपलव्ध गराई रु.४३८५४२०। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७० **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६० वटा सहकारी संस्था रहेकोमा ४ वटाले मासिक र ४१ वटाले वार्षिक रुपमा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण पेश गरेको देखिन्छ भने बाँकी १५ वटाले विवरण पेश नगरी निष्क्रिय रहेको पाइयो। त्यसैगरी पालिकाबाट सबै सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गर्ने गरेको जवाफ दिएतापनि अनुगमन गरी लिखित रुपमा तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

७१ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैला वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाले पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

| |
|---|
| सोधभर्ना नलिएको |

७२ **सहजकर्ताको पारिश्रमिक**

अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमका लागि सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशबाट बिभिन्न १३ क्रियाकलाप सञ्चालनका लागि रु. २१,७१,६००।०० को कार्यक्रम बनाई सो रकम मध्ये प्रदेश सरकारको लागत साझेदारी रु. ८,००,०००।०० पालिकालाई पठाएको छ । पालिकाले सो कार्यक्रमका लागि बिगतमा करुणा फाउण्डेशन समेतको लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमका लागि नियुक्त गरेका फोकल पर्सन १ तथा सहजकर्ता ५ समेत ६ जनालाई निरन्तरता दिई करारमा नियुक्त गरेको र उनिहरुको पारिश्रमिकका लागि रु. १७,२८,४००।०० समेत थप गरी रु. ३९,००,००।०० को कार्यक्रम स्वीकृत गरी कार्यक्रम गरेको देखिन्छ । यसरी करारमा नियुक्त फोकल पर्सन तथा सहजकर्ताहरुलाई सम्झौता अनुसार मासिक पारिश्रमिक, चाडपर्व खर्च र पोशाक खर्च समेतमा बार्षिक रु. १९,४४,०१०।०० खर्च भएको देखियो । कार्यक्रममा नपुग भएको पारिश्रमिक रकम पालिकाको चालु बजेटबाट खर्च गरेको देखिन्छ । यसरी स्वकृत बजेटभन्दा बढी रु. २,१५,६१०।०० फोकल पर्सन तथा सहजकर्ताहरुको पारिश्रमिक भुक्तनी गरेको देखिएकोले स्वीकृत बजेट भन्दा बढी खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,१५,६१० |

७३ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले यस वर्ष रु.१३६०८१६७०। सामाजिक सुरक्षा वापतको रकम निकाशा गरेकोमा लाभग्राहिको जन्म मिति विवरण, वैङ्क खाता नं. अद्यावधिक गरी एम.आइ. एस.मा पुर्ण रुपमा प्रविष्ट गरेको देखिएन । कार्यालयले समाजिक सुरक्षा भत्ता पाउनेको नाम, खाता नं र परिचय पत्र तथा जन्म मिति लगायतको सम्पुर्ण विवरण अधावधिक गरी एम.आइ. एस.मा प्रविष्ट गरी सामाजिक सुरक्षा वितरणलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१ .गत वर्षको सामाजिक शुरक्षा खर्च रकम रु.१२९२७०२६७। यस वर्षको प्रथम किस्ता रु.३३७८५२८०। र दोश्रो किस्ता रु.३३८६३४५९। बैङ्कमार्फत निकासा गरिएको साथै तेश्रो किस्ता रु. ३४१७३६३९। र चौथो किस्ता वापत रु.३४२५९२९२। EFT गरी जम्मा खर्च रु.१३६०८१६७०। सामाजिक सुरक्षा भत्ता वापत खर्च भएको देखिन्छ। यस वर्ष बढी खर्च भएको रकम रु.६८११४०३। लाभग्रहीहरुको संख्या वृद्धि भएको कारण गत बर्षको भन्दा वढी खर्च भएको पालिकाको भनाई रहेको छ। गत वर्ष र यस वर्षको लाभग्राहिको विवरण देहायबमोजिम छनः-

| लाभग्राहीको प्रकार | | आ.व २०७९/०८० को अन्तिम त्रैमासिक | | आ.व २०८०/०८१ को अन्तिम त्रैमासिक | |
|---|---|---|---|---|---|
| | भत्ता दर | संख्या | खर्च रकम | संख्या | खर्च रकम |
| जेष्ठ नागरिक ६८ बर्ष | ४००० | २१४२ | २५४५४२०२ | २२३६ | २६६४३८२० |
| जेष्ठ नागरिकभत्ता (दलित ६० बर्ष माथि) | २६६० | ८९ | ७०७५६० | ८९ | ७०२२४० |
| असहाय एकल महिला भत्ता ( ६० बर्ष माथिका) | २६६० | २५६ | २०२६४९१ | २३१ | १८४२४३० |
| विधुवा महिला | २६६० | ३७५ | २९७१२२० | ४०४ | ३१८६६८० |
| अपाङ्ता भत्ता (पूर्ण असक्त अपाङ्गता भएको) | ३९९० | ५० | ५९८५०० | ५८ | ६८२२९० |
| अति अशक्त अपाङ्ग | २११८ | १६७ | १०५७५४७ | १७१ | १०८९०२४ |
| दलित बालबालिका | ५३२ | १२० | १८७४३६ | १२६ | १९३२४० |
| जम्मा | | ३१९९ | ३३००२९५६ | ३३१५ | ३४३३९७२४ |

सामाजिक सुरक्षा बापतको बार्षिक खर्चको बिवरण देहायबमोजिम रहेको छः

(विस्तृत विवरण बेरूजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : देउमाई नगरपालिका, इलाम , देउमाई नगरपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरि बहादुर दहाल | २०७९-३-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गजेन्द्र राज एक्तेन | २०७५-१२-७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २५६,४०३ | १७,०८३,६४०.८५ | ६,७०८,३६९.३५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २४,०४८,४१३.२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६,९४०,११०.३५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १७,१०८,३०२.८५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९५९२२३२४.९६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०८७८१८९१.७३ | चालु खर्च | ४११२८८७९३.२६ |
| प्रदेश सरकारबाट अनुदान | ३४८०३२३५.४४ | पूँजीगत खर्च | १८१६१५७००.९७ |
| राजश्व बाँडफाँट | १०००४१७००.३८ | वित्तीय/अन्य व्यवस्था | २२४४८१७६७.९३ |
| आन्तरिक आय | ५१६३५७१३.१७ | | |
| अन्य आय | २३६३४९९५५.८८ | | |
| कुल आय | ८३१६१२४९६.६ | कुल खर्च | ८१७३८६२६२.१६ |
| बाँकी मौज्दात | | ११०१४८५५९.४ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,९९,५२,९६१.६८ | ० | १०,९९,५२,९६१.६८ | ९,९९,९९,६०३.९३ | ० | ९,९९,९९,६०३.९३ |
| १३००० | अनुदान | | ४४,३५,८५,१२७.१७ | ० | ४४,३५,८५,१२७.१७ | ४९,९८,२७,९१०.८५ | ० | ४९,९८,२७,९१०.८५ |
| १४००० | अन्य राजस्व | | ४,१७,००,७५१.८७ | ० | ४,१७,००,७५१.८७ | २,६८,४२,४९८.२७ | ० | २,६८,४२,४९८.२७ |
| १५००० | विविध प्राप्ति | | २३,७००.०० | ० | २३,७००.०० | ३५,५३८.०० | ० | ३५,५३८.०० |
| क | कुल जम्मा प्राप्ति | | ५९,५२,६२,५४०.७२ | | ५९,५२,६२,५४०.७२ | ६२,६७,०५,५५१.०५ | | ६२,६७,०५,५५१.०५ |
| ३ | चालु | | ४१,१२,८८,७९३.२६ | ० | ४१,१२,८८,७९३.२६ | ४१,६४,०४,४७८.३२ | ० | ४१,६४,०४,४७८.३२ |
| २१००० | पारिश्रमिक / सुविधा | | २७,२३,७६,७९६.५२ | ० | २७,२३,७६,७९६.५२ | २३,४८,५६,६१७.३१ | ० | २३,४८,५६,६१७.३१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ११,६९,५०,२७३.८९ | ० | ११,६९,५०,२७३.८९ | १५,८४,९४,३६७.४० | ० | १५,८४,९४,३६७.४० |
| २५००० | सहायता (Subsidy) | | ४,५७,२९७.०० | ० | ४,५७,२९७.०० | ५,१२,४००.०० | ० | ५,१२,४००.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,६०,३४,४२०.०० | ० | १,६०,३४,४२०.०० | १,५४,११,२१२.४७ | ० | १,५४,११,२१२.४७ |
| २८००० | अन्य खर्च | | ५४,७०,००५.८५ | ० | ५४,७०,००५.८५ | ७१,२९,८८१.१४ | ० | ७१,२९,८८१.१४ |
| ४ | पूंजीगत | | १८,१६,१५,७००.९७ | ० | १८,१६,१५,७००.९७ | २१,५४,१३,४८१.६८ | ० | २१,५४,१३,४८१.६८ |
| ३१११० | भवन तथा संरचना | | ४,७२,८५,७९९.१४ | ० | ४,७२,८५,७९९.१४ | ३,७१,५५,९६७.५३ | ० | ३,७१,५५,९६७.५३ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २,४७,२८,४८०.०० | ० | २,४७,२८,४८०.०० | ६८,७२,४५१.०० | ० | ६८,७२,४५१.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ६४,३३,८५३.७६ | ० | ६४,३३,८५३.७६ | ५५,१०,४४८.९३ | ० | ५५,१०,४४८.९३ |
| ३११५० | सार्वजनिक निर्माण | | ९,८०,४९,२१०.०७ | ० | ९,८०,४९,२१०.०७ | १६,३१,२८,०१४.२२ | ० | १६,३१,२८,०१४.२२ |
| ३११६० | निर्मितसरचनाको सुधार | | ३५,८१,३८३.०० | ० | ३५,८१,३८३.०० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | |
| ३११७० | पूँजीगत सुधार खर्च | | १५,३६,९७५.०० | ० | १५,३६,९७५.०० | २७,४६,६००.०० | ० | २७,४६,६००.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५९,२९,०४,४९४.२३ | | ५९,२९,०४,४९४.२३ | ६३,१८,१७,९६०.०० | | ६३,१८,१७,९६०.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | | २३,५८,०४६.४९ | | २३,५८,०४६.४९ | (५१,१२,४०८.९५) | | (५१,१२,४०८.९५) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | १,१८,६८,१८७.९५ | | १,१८,६८,१८७.९५ | ८४,९१,९३०.६९ | | ८४,९१,९३०.६९ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,४२,२६,२३४.४४ | | १,४२,२६,२३४.४४ | ३३,७९,५२१.७४ | | ३३,७९,५२१.७४ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ९,५९,२२,३२४.९६ | | ९,५९,२२,३२४.९६ | ९,२५,४२,८०३.२२ | | ९,२५,४२,८०३.२२ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ११,०१,४८,५५९.४० | | ११,०१,४८,५५९.४० | ९,५९,२२,३२४.९६ | | ९,५९,२२,३२४.९६ |

## बेरूजु दफा ७३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| | | २०८०/०८१ देउमाइ नगरपालिका सामाजिक सुरक्षा भत्ता वार्षिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लाभग्राहीको प्रकार | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा खर्च रकम |
| | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | |
| जेष्ठ नागरिक ६८ बर्ष | २२१० | २६२८७६२७ | २२०९ | २६२६१३९२ | २२३९ | २६५८९८४७ | २२३६ | २६६४३८२० | १०५७८२६८६ |
| जेष्ठ नागरिकभत्ता ( दलित ६० बर्ष माथि) | ८६ | ६७८४७७ | ८७ | ६८८५७३ | ९० | ७१५७१७ | ८९ | ७०२२४० | २७८५००७ |
| असहाय एकल महिला भत्ता ( ६० बर्ष माथिका) | २४७ | १९६८४०० | २४५ | १९४७३०४ | २३२ | १८४७०१५ | २२७ | १८०५११० | ७५६७८२९ |
| विधुवा महिला | ३७१ | २९४९९४० | ३८६ | ३०३५१५२ | ३९५ | ३१०१७३४ | ४०० | ३१६००८० | १२२४६९०६ |
| अपाङ्ता भत्ता ( पूर्ण असक्त अपाङ्गता भएको ) | ५४ | ६४२३९० | ५५ | ६५८३५० | ५५ | ६५६४८८ | ५८ | ६८२२९० | २६३९५१८ |
| अति अशक्त अपाङ्ग | १७१ | १०७०३८४ | १६९ | १०७८८९६ | १६८ | १०६६१२८ | १६९ | १०७२५१२ | ४२८७९२० |
| दलित बालबालिका | १२१ | १८८०६२ | १२७ | १९३७९२ | १२६ | १९६७१० | १२६ | १९३२४० | ७७१८०४ |
| जम्मा | ३२६० | ३३७८५२८० | ३२७८ | ३३८६३४५९ | ३३०५ | ३४१७३६३९ | | ३४२५९२९२ | १३६०८१६७० |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।